सुशासन, समृद्धि र समाजवादको आधार
पालिका-पालिकामा एमालेको सरकार

स्थानीय तह निर्वाचन २०७९

नेकपा (एमाले)को

# घोषणापत्र



**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू ।**

यही २०७९ वैशाख ३० गते सम्पन्न हुन गइरहेको स्थानीय तह निर्वाचनको पूर्वसन्ध्यामा नेकपा (एमाले) यहाँहरूलाई हार्दिक अभिवादन व्यक्त गर्दछ । राष्ट्रियताको रक्षा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा समाजवादी ध्येयका लागि भएका आन्दोलन र क्रान्तिमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने आदरणीय अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। नेकपाका संस्थापक महासचिव पुष्पलाल, जननेता मदन भण्डारी तथा प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारी लगायत आन्दोलनलाई मार्गदर्शन गर्ने अग्रजहरूको उच्च सम्मानका साथ स्मरण गर्दछ । यस महान यात्रामा सहभागी हुने क्रममा घाइते, अङ्गभङ्ग, बेपत्ता लगायत पारिवारिक वियोग र वर्णनै गर्न नसकिने कठिन परिस्थितिमा पनि आन्दोलनको झण्डालाई निरन्तर फहराइरहनु हुने न्यायप्रेमी नेपाली जनताप्रति आदरभावका साथ अभिनन्दन गर्दछ ।

# १.

## सुशासन र समृद्धिका लागि स्थानीय तहको निर्वाचन

स्थानीय स्वायत्त शासन र आधारभूत लोकतन्त्रका माध्यमबाट मात्रै जनताको सार्वभौमसत्ता सुदृढ हुन सक्छ, लोकतन्त्र सार्थक बन्न सक्छ र समृद्धिको जग तलैबाट मजबुत बन्न सक्छ भन्ने विषयमा नेकपा (एमाले) स्पष्ट छ। स्थानीय स्वायत्त शासनका महत्वपूर्ण अङ्गका रुपमा स्थानीय निकाय र तहहरूलाई अधिकारसम्पन्न बनाउन पार्टीले सुरुदेखि नै प्रभावकारी भूमिका खेल्दै आएको छ। २०४७ सालको संविधानमा आलोचनाका २७ बुँदा अगाडि सार्दा होस् या स्थानीय स्वायत्त शासन ऐन २०५४ को निर्माणका क्रममा, हाम्रो पार्टीका अवधारणा र पहल यसका उदाहरण हुन्। लोकप्रिय कार्यक्रम **'आफ्नो गाउँ आफै बनाऊँ'** भित्र जनताको स्वशासन र सहभागितामूलक लोकतन्त्र सम्बन्धी पार्टीका दृष्टिकोण अन्तरनिहित छन्। नेकपा (एमाले) कै अग्रसरतामा स्थानीय निकायमा महिला र दलित सहभागिताको कानुनी प्रत्याभूति संभव भएको हो। नेपालको संविधान निर्माणका क्रममा कतिपय दलहरू स्थानीय तहलाई संवैधानिक हैसियत प्रदान गर्न नहुने र तिनलाई प्रदेशको मातहत एवं त्यसको तजबिजी अधिकारभित्र सीमित गर्नु पर्ने पक्षमा थिए। हामीले यस्ता गलत मान्यताको प्रतिवाद गऱ्यौं। राज्यको सङ्घीय संरचना सङ्घ, प्रदेश र स्थानीय गरेर तीन तहको हुनु पर्ने र स्थानीय तह संवैधानिक हैसियतसहित स्वायत्त र अधिकारसम्पन्न हुनु पर्ने मान्यतामा दृढतापूर्वक उभियौं। आज स्थानीय तहहरू संविधानतः सङ्घीय संरचनाका आधारस्तम्भ, जनताका सबैभन्दा नजिकका सरकार र दुःखसुखका साथीका रुपमा स्थापित छन्। स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाउन खेलेको भूमिकाप्रति हाम्रो पार्टी गर्व गर्दछ, तिनलाई थप प्रभावकारी र सबल बनाउन लागिरहने सङ्कल्प गर्दछ र यिनका अधिकारलाई सङ्कुचित गर्ने हर प्रयाशका विरुद्ध दृढतापूर्वक उभिन्छ।

स्थानीय जनप्रतिनिधिहरू मार्फत् संविधानप्रदत्त हकको कार्यान्वयन, स्थानीय साधनस्रोतका अधिकतम परिचालनद्वारा सेवाप्रवाह र विकास, विपद् व्यवस्थापन र सामाजिक न्यायका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन्। सुशासन र समृद्धिको संस्थागत जग स्थापित भएको छ। स्थानीय तहको औचित्य र सान्दर्भिकता अकाट्य ढङ्गले पुष्टि भएको छ।

जनताको सेवा प्रवाह निर्वाध होस् र शासन सञ्चालनमा जनसहभागिता निर्विघ्न रुपमा अगाडि बढोस् भन्ने सोचका साथ नेपालको संविधानमा स्थानीय तहमा एकदिन पनि रिक्तताको परिकल्पना गरिएको छैन। यही संवैधानिक प्रावधानलाई ध्यानमा राखेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा जनप्रतिनिधिहरूको कार्यकाल सकिनुभन्दा दुई महिना अगावै निर्वाचन सम्पन्न गर्नु पर्ने वाध्यकारी व्यवस्था गरिएको हो। तर वर्तमान गठबन्धन सरकारले संविधान र ऐनको प्रावधान विपरीत समयमै निर्वाचन नगराउन र स्थानीय तहलाई रिक्त राख्न अनेकौं प्रयाश गरेको तथ्य यहाँहरूलाई अवगतै छ। हाम्रो पार्टीको निरन्तरको दबाब र चौतर्फी खबरदारीपछि मात्रै यो सरकार २०७९ वैशाख ३० गते निर्वाचन गर्ने निर्णयमा पुग्न वाध्य भएको हो। तसर्थ निर्वाचनको मिति घोषणा स्वयंमा एक उपलव्धि हो। स्थानीय तहको निर्वाचन समयमा नगरेर जनताका अधिकार कुण्ठित गर्ने, सेवाप्रवाह अवरुद्ध गर्ने र संविधानको मर्ममाथि प्रहार गर्ने सरकारका प्रयाशलाई असफल पार्न सक्रिय योगदान गर्नुहुने सबैमा हामी धन्यवाद ज्ञापन गर्दछौं।

स्थानीय तह निर्वाचन २०७४ मा नेकपा (एमाले) **समृद्धि, समानता र सबल राष्ट्रको आधारः गाउदेखि केन्द्रसम्मै एमालेको सरकार** भन्ने नाराकासाथ तपाईँहरू सामु उपस्थित भएको थियो। निर्वाचनका क्रममा स्थानीय विकास र समग्र सामाजिक –आर्थिक रुपान्तरणका सम्बन्धमा पार्टीका दृष्टिकोण र मान्यताहरू ५३ वटा बुँदामा तपाईंहरू समक्ष प्रस्तुत गरिएको थियो। अहिले जस्तै त्यतिबेला पनि हामी प्रतिपक्षमा थियौं। अहिले जस्तै त्यतिबेला पनि हाम्रा विरुद्ध सत्तापक्षले मोर्चाबन्दी र गठबन्धन गरेको थियो। प्रतिपक्षका विरुद्ध बिरलै देखिने त्यस्तो घेराउ र आक्रमणलाई परास्त गर्दै हामीले स्थानीय तहमा निर्वाचन हुने कुल ३५ हजार ९१ पदमध्ये ४० प्रतिशतभन्दा बढी अर्थात् १४ हजार ९९ मा विजय हासिल गरेका थियौं। संविधानको व्यवस्था अनुसार पहिलो पटक सम्पन्न स्थानीय तह निर्वाचनमा सबैभन्दा ठूलो पार्टी बनेको नेकपा (एमाले) ले विगत पाँच वर्षमा स्थानीय तहहरूको संस्थागत सुदृढीकरणमा निर्णायक भूमिका खेलेको छ। सङ्घीय संरचनालाई सुदृढ र संस्थागत गरेको छ। स्थानीय जनप्रतिनिधिहरू मार्फत् संविधानप्रदत्त हकको कार्यान्वयन, स्थानीय साधनस्रोतका अधिकतम परिचालनद्वारा सेवाप्रवाह र विकास, विपद् व्यवस्थापन र सामाजिक न्यायका क्षेत्रमा महत्वपूर्ण उपलव्धि हासिल भएका छन्। सुशासन र समृद्धिको संस्थागत जग स्थापित भएको छ। स्थानीय तहको औचित्य र सान्दर्भिकता अकाट्य ढङ्गले पुष्टि भएको छ। यसै जगमा उभिएर स्थानीय तहको विकास र सुशासनलाई थप उचाइ दिन, सेवा प्रवाहलाई अझ चुस्त बनाउन र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा कार्यान्वयनलाई लक्ष्यमा पुऱ्याउन हामीहरू ताजा जनादेशका लागि फेरि एकपटक तपाईंहरूको घर आँगनमा आइपुगेका छौं।

## २.

# जनादेशको विस्थापन, परमादेशको शासन

आम निर्वाचन २०७४ मा तपाईँहँरूले नेकपा (एमाले) र एमाले नेतृत्वको वाम– लोकतान्त्रिक तालमेलप्रति अपार भरोसाका साथ समर्थन गर्नुभएको स्मरण गर्दछौं। पछि हामीले त्यसलाई पार्टी एकीकरणका रुपमा विकास गऱ्यौं, नेकपा गठन गऱ्यौं र राजनीतिक स्थिरताको आधार निर्माण गऱ्यौं। राजनीतिक स्थायित्व र समृद्धिको अपिललाई विश्वास गरेर हामीलाई शासन सञ्चालनको जनादेश दिनु हुने तपाईँहँरूप्रति हामी आभारी छौं। तपाईंहरूको विश्वासलाई शीरमा राखेर हामीले करिब साढे तीन वर्ष सरकारको नेतृत्व गऱ्यौं। नयाँ संविधानको कार्यान्वयन, नयाँ वित्तीय तथा प्रशासनिक प्रणाली संस्थागत गर्नु पर्ने दायित्व, सङ्घीयताको नितान्त नयाँ अभ्यास, इतिहासले बिरासतमा छाडेका अनगिन्ती समस्याका चाङ र पछिल्लो समय थपिएको कोभिड महामारीको चुनौतीका बीचमा समेत त्यो अवधि नेपाली इतिहासकै सर्वाधिक गतिशील, उपलव्धिपूर्ण र सफल रह्यो। छोटो अवधिमै–

- संविधान र सङ्घीयताको सफल कार्यान्वयन गरेर नेपालले विश्वमै नयाँ दृष्टान्त स्थापित गर्न सफल भयो।
- पृथकतावाद र हिंसाका चुनौती समाप्त पारिए। त्यस्ता गतिविधिमा सङ्लग्न समूहहरूलाई राष्ट्रिय एकता, संविधान र शान्तिपूर्ण प्रतिष्पर्धाको मूलधारमा आबद्ध गर्ने सफलता हासिल भयो। संविधानप्रति असन्तुष्टि राखिरहेका समूहहरूलाई समेत सरकारमा सहभागी र संविधानको संशोधन प्रक्रियामा सहमत गराएर संविधानलाई सर्वस्वीकार्य बनाइयो।
- सार्वभौम समानता, पारस्परिक लाभ एवं सम्मान र अहस्तक्षेपका मान्यतामाथि आधारित भएर नेपालको छिमेक लगायत वाह्य सम्बन्ध सुदृढ गरियो।

अदालतको परमादेशबाट प्रधानमन्त्री नियुक्त हुने गलत, अलोकतान्त्रिक र अराजक नजिर स्थापित गरियो। जनादेश अपमानित एवं विस्थापित हुने र परमादेशबाट शासन चलाउने हानीकारक अभ्यास सुरु भयो।

- लिम्पियाधुरा, लिपुलेक र कालापानी सहितका नेपालका भूभाग समेटेर नयाँ नक्सा प्रकाशन भयो, यसका लागि अभूतपूर्व राष्ट्रिय सहमति निर्माण गरियो र यी भूभागमा नेपालको प्रशासनिक स्वामित्व स्थापित गर्न कुटनीतिक संवाद सुरु भयो।
- दीर्घकालीन र रणनीतिक महत्वका पूर्वाधार निर्माणको थालनी गरियो।
- भूकम्पपछिको पुनर्निर्माणमा उदाहरणीय सफलता हासिल गर्दै करिब ८ लाख पीडित परिवारलाई सुरक्षित आवासमा फर्काइयो। क्षतिग्रस्त हजारौं विद्यालय भवन, अस्पताल एवं स्वास्थ्य संस्था, सरकारी कार्यालय र सांस्कृतिक सम्पदा पुननिर्माण र हस्तान्तरण गरिए।
- कोभिड अगाडिको अवधिमा मुलुकले ७ प्रतिशतभन्दा माथिको आर्थिक वृद्धि हासिल गर्दै संभावनायुक्त अर्थतन्त्रका रुपमा विश्वको ध्यान आकर्षित गर्न सफल भयो।
- नेपाल संयुक्त राष्ट्र सङ्घबाट विकासशील मुलुकमा स्तरोन्नतिका लागि सिफारिस भयो।
- वाह्य लगानीमा ठूलो वृद्धि भयो।
- दिगो विकास लक्ष्य सहित मानव विकास, शान्ति, खुशी, खाद्य सुरक्षा, बहुआयामिक गरिबी, व्यावसायिक सहजता, लैङ्गिक समानता लगायत विश्वव्यापी सूचकहरूमा नेपालले उल्लेख्य सुधार हासिल गऱ्यो।
- सामाजिक न्याय र सुरक्षाको दायरालाई विस्तार गर्दै जनतालाई परिवर्तन, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र नयाँ युगको अनूभूति दिलाउने गरी काम अगाडि बढाइए।
- शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्न आवश्यक संस्थागत व्यवस्था गरियो, सरोकारवालाहरूसँग परामर्श र पीडितहरूलाई परिचयपत्र वितरण आरम्भ गरियो।
- लोकतन्त्र प्राप्तिको आन्दोलनमा जीवन उत्सर्ग गर्ने विभिन्न योद्धाहरूलाई राष्ट्रिय शहीद घोषणा गरियो, विभिन्न आन्दोलन, क्रान्ति र परिवर्तनमा महत्वपूर्ण योगदान गर्नेहरूलाई लोकतान्त्रिक योद्धा सम्मान प्रदान गर्ने काम थालनी गरियो।

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा हासिल गर्ने दिशामा हासिल यी उपलब्धिले एकातिर नेपाली जनतामा सुखद भविष्यप्रति विश्वास बलियो र मनोबल उच्च बन्दै

गयो भने अन्तर्राष्ट्रिय जगतमा नेपालको छवि उदीयमान अर्थतन्त्र, लोकतान्त्रिक र प्रगतिशील राष्ट्रका रुपमा प्रतिष्ठित र स्थापित हुँदै गयो ।

तर नेपाललाई सधैभरि अस्थिर, अस्तव्यस्त र असफल बनाइराख्ने एवं त्यसभित्रै आफ्ना स्वार्थ पूर्ति गर्न चाहनेहरूका लागि यी उपलब्धि र नेपाल राष्ट्र एवं नेपाली जनताको बलियो बन्दै गएको सामथ्र्य स्वीकार्य भएन । संवैधानिक व्यवस्थाका कारण पहिलो दुई वर्ष सरकार परिवर्तन गर्नु संभव थिएन । तर तेस्रो वर्ष सुरु भएपछि भने अस्थिरताका शृङ्खला सुरु भए । यसका लागि प्रयोग भए तत्कालीन नेकपाभित्रका केही अवसरवादी र अराजक पात्रहरू, जसका लागि आन्दोलनको भविष्यभन्दा आफ्नो परिवार र गुटको भविष्य ठूलो थियो, जसका लागि राष्ट्रको स्वाभिमान र गरिमाभन्दा व्यक्तिगत स्वार्थ महत्वपूर्ण थियो र जसका लागि आन्दोलनका सहयात्रीभन्दा दक्षिणपन्थी शक्ति बढी प्रिय थिए । अनि यिनै पात्रहरूको योजनामा पार्टीभित्र विग्रह सुरु भयो, नेतृत्वलाई घेराबन्दी गरियो र पार्टीको प्रतिष्ठा र उपलब्धिलाई समाप्त पार्ने प्रयाश भयो । सिङ्गो विश्व कोभिड महामारीको चुनौतीसँग जुझिरहेको र सरकारले नागरिकको जीवन र जीविका रक्षाका लागि कठोर सङ्घर्ष गरिरहेको बेला आफ्नै पार्टीको सरकार ढाल्न गरिएका यी गतिविधि अलोकतान्त्रिक मात्रै होइन, अमानवीय समेत थिए । जनादेशप्राप्त प्रधानमन्त्रीलाई पाँच वर्षे कार्यकाल पूरा गर्न नदिने र महाधिवेशनबाट निर्वाचित पार्टी अध्यक्षलाई सडकबाटै कार्बाही गर्ने अराजक र ध्वंशात्मक प्रयाश भए । अस्थिरताका यी प्रयाशलाई परास्त गर्न प्रतिनिधिसभाको विघटन गर्नु पर्ने वाध्यात्मक परिस्थिति सिर्जना भयो ।

लोकतन्त्रमा सरकार सञ्चालनको वैधता सार्वभौम जनताबाट प्राप्त हुन्छ, जसको माध्यम आवधिक निर्वाचनबाट प्राप्त हुने जनादेश हो। एउटा जनादेश खण्डित भइसकेपछि पुनः सार्वभौम जनताको बीचमा जानु र ताजा जनादेशको खोजी गर्नु स्वाभाविक र लोकतान्त्रिक प्रक्रिया हो । तर हामीकहाँ यसो हुन दिइएन । संविधानको अपव्याख्या र अदालतको दुरुपयोग गर्दै सरकार बनाउने जनताको सार्वभौम अधिकार कुण्ठित गरियो । अदालतको परमादेशबाट प्रधानमन्त्री नियुक्त हुने गलत, अलोकतान्त्रिक र अराजक नजिर स्थापित गरियो । जनादेश अपमानित एवं विस्थापित हुने र परमादेशबाट शासन चलाउने हानीकारक अभ्यास सुरु भयो । यस क्रममा लोकतन्त्रको आधारस्तम्भका रुपमा रहेको शक्ति पृथकीकरणको सिद्धान्त समेत कुल्चिइयो । संविधानको संरक्षक राष्ट्राध्यक्षका अधिकार कुण्ठित गरियो । बहुदलीय प्रतिष्पर्धात्मक लोकतन्त्रको मर्मका रुपमा रहेको दलीय पद्धतिमाथि प्रहार गर्दै सांसदहरूमाथि सम्बन्धित दलको ह्विप नलाग्ने निर्दलीय अभ्यास सुरु गरियो । मुलुकले हासिल गरेको राजनीतिक स्थायित्व र सामाजिक–आर्थिक रुपान्तरण तथा समृद्धिको जगलाई भत्काउने

प्रयोजनका लागि कुटिल तरिकाले अध्यादेश जारी गरेर नेकपा (एमाले) लाई चोइट्याउने काम गरियो। विपरीत विचारधारा एवं पृष्ठभूमिका समूहहरूको अवसरवादी गठबन्धन निर्माण गरियो।

२०७८ असार २८ को सर्वोच्च अदालतको परमादेश त्रुटिपूर्ण र असंवैधानिक छ भन्ने विषयमा हामीले सार्वभौम नेपाली जनतासमक्ष आफ्ना धारणाहरू स्पष्ट पारिसकेकै छौं। यो आदेशको उद्देश्य सामान्य सरकार परिवर्तनमा सीमित छैन, यो त नेकपा (एमाले) को नेतृत्वमा स्थापित राजनीतिक धार (कोर्स) नै परिवर्तन गर्नमा केन्द्रित छ। पार्टीले त्यतिबेलै निकालेको यस निष्कर्षको सान्दर्भिकता गएका नौ महिनाका घटनाक्रमले पुष्टि गर्दै लगेका छन्।

## ३.

## दिशाविहीन गठबन्धनः चौतर्फी सङ्कट

गएका नौ महिनामा मुलुकका प्रत्येक पक्ष र राज्यका सबै अङ्गलाई अस्तव्यस्त, सङ्कटग्रस्त र असफल बनाउँदै लगिएको छ। राजनीतिक हस्तक्षेप र स्वार्थजन्य सेटिङका कारण न्यायालय विवादग्रस्त, अविश्वसनीय र साखविहीन बन्दै गएको छ। नेपालको इतिहासमै पहिलो पल्ट न्यायाधीशहरूको हडताल र कानुन व्यवसायीहरूको अवरोधका कारण सङ्कटकालमा समेत रोक्न नमिल्ने बन्दी प्रत्यक्षीकरण लगायत जनताका न्यायिक हक हनन भएका छन्। निश्चित नेताको सत्ता स्वार्थका लागि अदालतले राजनीतिक फैसला गरिदिने र त्यसको गुन तिर्न राजनीतिक नेतृत्वले ती पदाधिकारीलाई पद र पदक उपहार दिने घातक थालनी भएको छ। आफ्ना स्वार्थको परिपूर्तिका लागि न्यायिक नेतृत्वलाई हदैसम्म दुरुपयोग गर्ने र भनेजस्तो नभएमा राजनीतिक प्रतिशोधका आधारमा महाअभियोग लगाएर अलपत्र पार्ने शृङ्खला चलेको छ। यसैको पछिल्लो कडीका रुपमा प्रधानन्यायाधीशलाई महाअभियोग अस्त्र प्रयोग गरेर निलम्बित गर्ने तर त्यसलाई कुनै निष्कर्षमा पुग्न नदिने कुटिल चाल चालिएको छ।

दलबाट निर्वाचित सांसदहरू दलको निर्देशनमा परिचालित हुनु र उनीहरू दलको सामान्य नियन्त्रणमा रहनु बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणालीको अनिवार्य विशेषता हो। तर आफ्ना सांसदमाथि कार्बाही गर्ने अधिकारबाट एमालेलाई बञ्चित गरिएको छ। दलीय अनुशासन उल्लङ्घन गर्ने सांसदहरूमाथि नेकपा (एमाले) ले गरेको कार्बाहीको सूचना प्रकाशित नगरेर दल विभाजनमा सहयोगी बनेका सभामुखका गैरसंवैधानिक, असंसदीय र पक्षपातपूर्ण हर्कतका कारण संसद समेत महिनौंदेखि अवरुद्ध छ।

मुलुकको अग्रगतिको यात्रामा वाधक बनेर खडा भएका यस गठबन्धनबाट मुलुकले अविलम्ब मुक्ति खोजेको छ। राजनीतिक अवसरवाद, सत्तास्वार्थ र अनैतिक जगमा खडा भएको यो सरकार जति दिन रहन्छ, मुलुकले थप सङ्कट ब्यहोर्नु अनिवार्य छ।

जनादेशलाई निषेध गर्दै बनेको सरकारको जवाफदेहिता जनताप्रति होइन, आफूलाई सत्तामा पुऱ्याउने शक्ति केन्द्रतिर छ। फलतः नागरिकको रक्षा, विपद्मा राहत, महङ्गी नियन्त्रण, सेवा प्रवाह र मुलुकको सीमा सुरक्षा जस्ता न्यूनतम दायित्वबाट पनि सरकार विमुख बनेको छ। सरकारको अयोग्यता, गैरजिम्मेवारपन र स्वार्थप्रेरित नीतिका कारण नौ महिनाको छोटो अवधिमै मुलुक आर्थिक सङ्कटतर्फ धकेलिएको छ। अर्थतन्त्रका अधिकांश सूचकहरू नकारात्मक बनेका छन्।

- हाम्रो नेतृत्वको सरकारले दुरुस्त छोडेको अर्थतन्त्र भत्किएको छ।
- मूल्य वृद्धिदर हाम्रो सरकारको समयमा भन्दा दोब्बर भएको छ। बजार अनुगमन नहुँदा जथाभावी मूल्य वृद्धि गर्ने र कृत्रिम अभाव सिर्जना गर्ने काम तीव्र भएको छ।
- आयात अनियन्त्रित ढङ्गले बढेको छ। व्यापार र चालू खाता घाटा देशले धान्नै मुस्किल हुने तहमा पुगिसकेको छ। मुलुकको समग्र वाह्य कारोवारको भुक्तानी असन्तुलन भयावह हुँदैछ। विदेशी मुद्रा सञ्चितिमा गंभीर ह्रास आएको छ।
- बैंकिङ प्रणालीबाट बाहिरिएको रकम बैंकमा फर्कन सकेको छैन। बैङ्कमा लगानीयोग्य रकमको चरम अभाव छ, तरलताको सङ्कट भयावह हुँदैछ। सरकार यसको कारण खोज्न होइन, अरुमाथि दोष थोपरेर उम्कन खोजिरहेको छ।
- सरकारी वित्त प्रणालीमा अनिश्चय र अन्योल शुरु भएको छ। प्रदेशको वित्त स्थिति पनि निराशाजनक छ।
- सरकारी आर्थिक नीति असङ्गत छन्। सही राजनीतिक नेतृत्वको अभावमा सरकारी सेवा प्रवाह गर्ने संस्थाहरू अस्तव्यस्त बनेका छन्। आर्थिक अनियमितताका लागि कर्मचारीतन्त्रमाथि हस्तक्षेप गरिएको छ।
- अर्थप्रणाली गलत र अदृष्य तत्वको हातमा पुगेको छ। गठबन्धन सरकार भूमाफिया, काला बजारिया र तस्करहरूको चङ्गुल र कमिसनतन्त्रको जालोमा फसेको छ। सरकारकै संरक्षणमा हुण्डी कारोबार फस्टाएको छ।
- सरकारले साख गुमाएको छ। विकास साझेदारको विश्वास गुम्दै छ। सरकारमाथि व्यवसायिक क्षेत्रको भरोसा टुट्दै गएको छ। निजी क्षेत्र यो सरकारवाट निराश छ।
- सरकारी निकायबीच नै समन्वय छैन। सम्पत्ति शुद्धीकरण निवारण गर्नुपर्ने सरकार उल्टो बाटोमा हिंड्दै छ।

- यो गठबन्धन सत्तासीन भएदेखि अहिलेसम्म एउटा पनि नयाँ परियोजना शुरु भएको छैन। 'मासिक १० प्रतिशतका दरले पुँजीगत खर्च गर्ने' दाबा गर्नेहरूले चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा २५ प्रतिशतमा सिमित छ।
- तर 'सेटिङ्'मा विश्वास गर्ने सरकार विज्ञहरूको सुझाव र प्रतिपक्षी दलको खबरदारीलाई मनन गर्नुको साटो प्रतिवादमा उत्रिएको छ। तथ्याङ्‌लाई तोडमोड गरी 'अर्थतन्त्र दुरुस्त छ' भन्ने झुठा सूचना प्रवाह गरिरहेको छ।
- अराजक अर्थमन्त्रीको दबाबमा भागबण्डाको 'टेको'मा उभिएका प्रधानमन्त्री स्वयं एकपछि अर्को गलत निर्णय लिइरहेका छन्। सार्वजनिक संस्थालाई कमजोर बनाउने नियोजित उद्देश्यले प्रमुखहरू नियुक्ति गर्दा मापदण्ड मिच्दै चलखेल गरिएको छ। अवैध स्रोतलाई बैध बनाउने दुराशयका साथ नेपाल राष्ट्र बैङ्कका गभर्नरमाथि गैरकानूनी कार्बाही गरिएको छ।

पूर्ववर्ती सरकारले अगाडि बढाएका जनमुखी कामहरूलाई यस सरकारले खारेज या कार्यान्वयनमा अवरोध गरिरहेको छ। प्रत्येक पालिका केन्द्रलाई जोड्ने सडकलाई कालोपत्र गर्ने र प्रत्येक निर्वाचन क्षेत्रमा रणनीतिक सडक निर्माण गर्ने योजनालाई खारेज या बजेट कटौती गरिएको छ। पालिकाहरूमा शिलान्यास गरिएका ३९६ वटा आधारभूत अस्पतालको बजेट काटिएको छ। आरोग्यता, स्वास्थ्य परीक्षण र उपचारको हक सम्बन्धी मौलिक हकलाई अवरुद्ध गर्दै बजेट कटौती गरिएको छ। कोभिड विरुद्धको खोपको दुरुपयोग र कोभिड विमाको रकम भुक्तानी अवरुद्ध गरिएको छ। संविधानले प्रत्याभूत गरेको आवासको हक र दलित भूमिहीनले एक पटकका लागि जमिन प्राप्त गर्ने अधिकारलाई कार्यान्वयन गर्न बनाइएको भूमि आयोग विघटन गरेर भूमिहीन र सुकुम्बासीहरूको हकमाथि कुठाराघात गरिएको छ। विपन्न वर्ग लक्षित सेवा प्रवाह र काम एवं रोजगारी सिर्जना गर्ने योजनाहरू कटौती गरिएका छन्। समृद्धिको यात्रामा अवरोध सिर्जना गरिएको छ। जनताको उत्साहमा चिसो पानी खन्याउने र मुलुकको मनोबल खस्काउने काम भएको छ।

बाह्य सम्बन्धमा गंभीर असन्तुलन र विचलन देखा परेको छ। एकातिर यो सरकारले लिपुलेक, लिम्पियाधुरा र कालापानी लगायत नेपाली भूभाग फिर्ता गराउनका लागि भारतसँग सार्थक वार्ता सुरुसम्म गर्न सकेको छैन भने अर्कातिर महाकालीको धार परिवर्तन हुने गरी एकतर्फी रुपमा तटबन्ध निर्माण गरेर सीमा अतिक्रमण गर्दा, नेपाली नागरिक जयसिंह धामीलाई तुइन चुँडाएर मारिँदा या नेपालको स्वाधीनता र स्वाभिमानमाथि पटक–पटक आँच पुऱ्याइँदा

समेत लाचारी प्रकट गरेको छ। राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर दुबै छिमेकीसँग सन्तुलित सम्बन्ध कायम गर्ने, नेपालको आर्थिक विकासलाई तीव्रता दिन चीन र भारतको गतिशील एवं शक्तिशाली अर्थतन्त्रसँग जोडिने एवं त्यसबाट लाभान्वित हुने बाटो अवलम्बन गर्नु पर्नेमा गंभीर नीतिगत विचलन देखा परेको छ। एमसिसी र बिआरआई जस्ता दुई पक्षीय विषयलाई गिजोलेर नेपाललाई भूराजनीतिक द्वन्द्वमा धकेल्ने अनिष्टकारी प्रयाश भएको छ। मुलुकको छवि, प्रतिष्ठा र विश्वसनीयतामाथि प्रश्न खडा गराउने काम भएको छ।

मुलुकका सामु महत्वपूर्ण अवसर छन्। गंभीर चुनौतीहरू पनि छन्। चुनौतीको सामना गर्न बलियो राष्ट्रिय एकता आवश्यक छ। मुख्य राजनीतिक शक्तिहरूका बीचमा न्यूनतम समझदारीको खाँचो छ। यिनै विषयलाई बोध गरेर विगतमा हामीले प्राकृतिक विपत्ति, कोरोना महामारी, नेपालको नयाँ प्रशासनिक– राजनीतिक नक्सा प्रकाशन, संविधान संशोधन, परराष्ट्र नीति तर्जुमा र वाह्य सम्बन्ध जस्ता प्रश्नमा सिङ्गो राष्ट्रलाई एकताबद्ध बनाएका थियौं। पार्टीको पक्षमा स्पष्ट बहुमत हुँदाहुँदै पनि अन्य शक्तिहरूलाई समेत सरकारमा समेटेका थियौं। तर वर्तमान गठबन्धन मुलुकलाई तिक्तता, प्रतिशोध, घृणा र द्वन्द्वतिर धकेलिरहेको छ। प्रतिपक्षी दलका विरुद्ध मोर्चाबन्दी गर्ने, हिंसालाई दुरुत्साहन गर्ने, धम्कीको भाषा प्रयोग गर्ने र मुख्य राष्ट्रिय प्रश्नमा सहमति त कुरै छाडौं, सामान्य परामर्श समेत गर्न अक्षम भएको छ।

माथि उल्लेखित प्रतिनिधिमूलक घटनाक्रमको एउटै निष्कर्ष हो– मुलुकको अग्रगतिको यात्रामा वाधक बनेर खडा भएका यस गठबन्धनबाट मुलुकले अविलम्ब मुक्ति खोजेको छ। राजनीतिक अवसरवाद, सत्तास्वार्थ र अनैतिक जगमा खडा भएको यो सरकार जति दिन रहन्छ, मुलुकले थप सङ्कट ब्यहोर्नु अनिवार्य छ। सङ्घीयताको कार्यान्वयन, जगैबाट लोकतन्त्रको सुदृढीकरण, आधारभूत तहबाटै विकास र समृद्धिको आधार निर्माण गर्ने स्थानीय तहको नेतृत्व एमालेलाई सुम्पेर मात्रै हामी राष्ट्रिय राजनीतिलाई सही बाटोमा फर्काउने कामको सुरुवात गर्न सक्छौं। तसर्थ, राष्ट्रिय राजनीतिलाई लोकतन्त्र, संविधान र जनादेशको लिकमा फर्काउन यस निर्वाचनमा नेकपा (एमाले) का सूर्य ध्वजाबाहक उम्मेदवारहरूको पक्षमा मतदान गर्न हामी सम्पूर्ण मतदाताहरूमा हार्दिक आह्वान गर्दछौं।

# ४.

## स्थानीय तहमा पाँच वर्षः अनुभव र उपलब्धि

अनेकौं प्रतिकूलता, सीमा र कठिनाइका बाबजुद विगत पाँच वर्षमा हाम्रो नेतृत्वमा रहेका केन्द्र र प्रदेश सरकार तथा स्वयं स्थानीय तहको अग्रसरतामा महत्वपूर्ण काम भएका छन्। उल्लेखनीय सफलता र युगान्तकारी उपलव्धि प्राप्त भएका छन्। यी कामहरूले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने दिशामा महत्वपूर्ण आधार निर्माण गरेका छन्।

अनेकौं प्रतिकूलता, सीमा र कठिनाइका बाबजुद विगत पाँच वर्षमा हाम्रो नेतृत्वमा रहेका केन्द्र र प्रदेश सरकार तथा स्वयं स्थानीय तहको अग्रसरतामा महत्वपूर्ण काम भएका छन्। उल्लेखनीय सफलता र युगान्तकारी उपलव्धि प्राप्त भएका छन्। यी कामहरूले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने दिशामा महत्वपूर्ण आधार निर्माण गरेका छन्।

यस अवधिमा स्थानीय तहलाई कामकाजी, परिणाममुखी र प्रभावकारी बनाउन आवश्यक कानुनी र संरचनागत व्यवस्था गरी अधिकार प्रत्याभूत गरियो। राजस्वका एकल अधिकार क्षेत्र हस्तान्तरण गरियो। साझा अधिकार सूचीका राजस्व बाँडफाँटको विधि स्थापित गरियो। प्राकृतिक स्रोतको आय वितरणका लागि मापदण्ड बनाई राजस्व वितरण गरियो। समानीकरण, समपूरक, विशेष र सशर्त अनुदान समेत विभिन्न शीर्षकमा स्रोतको विनियोजन गरेर स्थानीय तहलाई साधनस्रोत सम्पन्न बनाउने काम गरियो। पालिका भवन निर्माण गरी सेवा प्रवाह चुस्त बनाउन विशेष बजेटको व्यवस्था गरियो। यसरी आ. व. २०७३/७४ को तुलनामा (करिब रु. ५५ अर्ब) विनियोजन भएको स्थानीय तहको रकम पाँच गुना बढेर आ.व. २०७७/७८ मा रु. २८४ अर्ब पुग्यो। स्थानीय तहमा वाह्य लगानीका लागि नेपाल सरकारले आवश्यक समन्वय गर्‍यो। कर्मचारी समायोजन मार्फत् जनशक्ति विन्यास गरेर स्थानीय तहलाई पूर्ण रुपले गतिशील र चलायमान बनाइयो। क्षमता विकासका लागि आवश्यक तालिम, अभिमुखीकरण र अवलोकन भ्रमणको व्यवस्था गरियो। फलतः निर्वाचन भएको पहिलो वर्षदेखि नै स्थानीय तहहरू पूर्ण रुपले गतिशील र कार्यसक्षम भएका छन्।

यस अवधिका मुख्य उपलब्धिलाई यसरी उल्लेख गर्न सकिन्छ –

### ⇨ पूर्वाधारमा फड्को

- स्थानीय स्तरमा ४ हजार ३ सय ६२ कि.मि. कालोपत्रे सडक निर्माण भई पक्की सडक सञ्जाल दोब्बर भन्दा बढी विस्तार। सङ्घ र प्रदेशमार्फत भएको सडक निर्माण समेत जोड्दा यति छोटो अवधिमा यति धेरै सडक निर्माण भएको इतिहासमै पहिलो उदाहरण,
- सडक पुगेको पालिका केन्द्र ७२५,
- पुष्पलाल लोकमार्ग, काठमाडौं– तराई द्रूत मार्ग र पूर्व–पश्चिम राजमार्ग निर्माण र विस्तार रफ्तारमा। मदन भण्डारी राष्ट्रिय राजमार्गको निर्माण तीव्र गतिमा,
- हुलाकी राजमार्ग निर्माण अन्तिम चरणमा,
- सडक पुल, कलभर्ट र पक्की नाली निर्माणमा उल्लेख्य प्रगति,
- प्रत्येक पालिकाको केन्द्र जोड्ने गरी पक्की सडक निर्माण अभियान,
- प्रत्येक निर्वाचन क्षेत्रमा रणनीतिक सडक निर्माण अभियान,
- सहरी पूर्वाधारमा तीव्र विकास,
- तराईका सदरमुकामलाई राजमार्गसँग जोड्ने सडकको स्तरोन्नति,
- भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता विस्तार। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अन्तिम चरणमा। मुख्य घरेलु विमानस्थलको स्तरोन्नति र रात्रिकालीन उडान–अवतरणको सुविधा विस्तार। पहाडी विमानस्थलको धावन मार्ग कालोपत्र गर्ने काम सम्पन्न।
- तुइन विस्थापन, २ हजारभन्दा बढी झोलुङ्गे पुल निर्माण,
- चीनसँग नयाँ नाकाहरू खोल्ने काम। उत्तरी सीमा जोडिएका जिल्लामा एकीकृत विकास। लार्चा र टिमुरेमा वहुउद्देश्यीय एकीकृत भन्सार संरचना र सुख्खा बन्दरगाह निर्माण,
- वीरगञ्ज र विराटनगरमा एकीकृत जाँच चौकी निर्माण र सञ्चालन। अमलेखगञ्ज–मोतिहारी सीमावारपार पेट्रोलियम पाइप लाइन निर्माण,
- चोभारमा सुख्खा बन्दरगाह निर्माण,

- जयनगर–जनकपुर– कुर्ता रेलमार्ग निर्माण र सञ्चालन। पूर्व–पश्चिम रेलमार्ग निर्माण आरम्भ,
- डोल्पा र हुम्लासम्म राष्ट्रिय सडक सञ्जाल विस्तार। सबै जिल्लामा सडक पहुँच,
- दशरथ रङ्गशाला, पोखरा रङ्गशाला लगायत रङ्गशालाहरूको निर्माण,
- सङ्घीय संसद भवन, मुख्यमन्त्री कार्यालय लगायत महत्वपूर्ण सरकारी संरचना निर्माण।

### ⇨ शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रमा गुणात्मक प्रगति

- प्रत्येक पालिकामा न्यूनतम पाँचदेखि १५ शैयाका आधारभूत अस्पताल निर्माण सुरु। २०७७ मङ्सिरमा एकैदिन ३९६ पालिकामा अस्पतालको शिलान्यास। प्रत्येक वडामा स्वास्थ्य चौकी,
- प्रत्येक प्रदेशमा विशेषज्ञ सेवासहितको प्रादेशिक अस्पताल र सरुवा रोग अस्पताल,
- वीर अस्पताल लगायत केन्द्रीय अस्पतालहरूको पूर्वाधारसहितको क्षमता विस्तार,
- प्रत्येक प्रदेशमा सरकारी मेडिकल कलेज निर्माणको कार्यारम्भ,
- राष्ट्रव्यापी स्वास्थ्य विमा विस्तार,
- कोभिड महामारीको प्रभावकारी सामना। आइसोलेशन, क्वारेन्टिन, औषधि र खोपको निशुल्क प्रबन्ध। १८ अर्ब रुपियाँ बराबरको कोरोना विमा,
- स्वास्थ्यसेवा विस्तार, निशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा, सरसफाइमा भएको सुधारवाट समग्र स्वास्थ्य क्षेत्रका परिसूचकमा राम्रो प्रगति, नेपालीको औसत आयु तीन वर्षको अवधिमा दुई वर्षले लम्बिएर ७१ वर्ष पुगेको, बाल तथा मातृ मृत्युदर घटेको,
- राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तरगत जोखिम अवस्थामा रहेका सयौं सुत्केरीहरूको उद्धार र जीवन रक्षा, जेष्ठ नागरिकलाई निशुल्क स्वास्थ्य विमा,
- नेपालका परम्परागत औषधि विज्ञान र उपचार पद्धति– आयुर्वेद, प्राकृतिक चिकित्सा र योग लगायतको प्रवर्द्धन, विदूषी योगमाया आयुर्वेद विश्वविद्यालयको स्थापना,
- शिक्षातर्फ विद्यालय भर्ना, टिकाउ दर, साक्षरता दरमा उल्लेखनीय वृद्धि,
- ९ हजार ५ सय विद्यालय भवन पुननिर्माण,

- मदन भण्डारी विज्ञान–प्रविधि विश्वविद्यालयको स्थापना, प्राविधिक शिक्षाको विस्तारमा उदाहरणीय काम,
- विद्यालय जान नपाएका लाखौं नानीहरूलाई भर्ना अभियान। अभिभावक विहीनहरूको संरक्षकत्व राज्यले लिने नीतिको सुरुवात,
- मेलम्चीको पानी काठमाडौंमा अवतरण र वितरण। एक घर एक धाराको अभियान। हालसम्म ९१ प्रतिशत घरधुरीमा स्वच्छ खानेपानीको पहुँच,
- नेपाल दक्षिण एसियामै पहिलो खुल्ला दिसामुक्त राष्ट्र घोषणा।

### ⇨ सामाजिक न्याय र सुरक्षामा उल्लेखनीय उपलब्धि

- सामाजिक सुरक्षा भत्तामा उल्लेखनीय वृद्धि। जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति र लोपोन्मुख समुदायका नागरिकलाई मासिक ४ हजार भत्ता प्रदान,
- योगदानमा आधारित सामाजिक सुरक्षा आरम्भ। निजी क्षेत्र र असङ्गठित क्षेत्रका लाखौं श्रमिक यसमा आवद्ध र लाभान्वित हुने क्रम सुरु,
- भूमिहीन र घरबारविहीनहरूलाई संविधान–प्रदत्त आवासको हक उपलब्ध गराउन भूमि आयोग गठन र आवासका लागि जग्गा उपलव्ध गराउने कामको सुरुवात,
- खर या फुसको छाना विस्थापित गरेर जस्ताको छाना राख्ने अभियान। यसका लागि प्रति घर ५० हजार अनुदान। जनता आवास, सुरक्षित आवास लगायत विभिन्न कार्यक्रम मार्फत् ५ लाख भवन निर्माण, सुधार र हस्तान्तरण,
- प्राकृतिक विपत्तिमा परेकाहरूको उद्धार, राहत र पुनर्स्थापना। पर्सा र बारामा आएको चक्रवातका कारण घरबारविहीन बनेका ८६९ परिवारलाई सुरक्षित आवास हस्तान्तरण,
- विनाशकारी भूकम्पका कारण घरबारविहीन बनेका करिब ८ लाख परिवारलाई सुरक्षित आवासमा पुनर्स्थापना। हजारौं सङ्ख्यामा सरकारी कार्यालय, स्वास्थ्य संस्था र सम्पदाहरूको पुनर्निर्माण, १३ हजार भूमिहीन घरपरिवारलाई जग्गा सहितको आवासको व्यवस्था र करिब १२० एकीकृत वस्तीहरूको निर्माण,
- असहाय बालबालिका तथा अपाङ्गता भएका व्यक्तिको सुरक्षा तथा संरक्षण, बाल श्रम निवारण, सडक मानव र सडक बालबालिकाको उद्धार, पुनर्स्थापना र संरक्षण,

- शीतलहर र जाडोबाट बचाउने काम,
- एसिड आक्रमणबाट पीडित महिलाहरूको न्यायका लागि नयाँ अध्यादेश जारी।

## ⇨ रोजगारी सिर्जना

- पालिकाहरूमा रोजगार सूचना केन्द्र स्थापना र बेरोजगारहरूको तथ्याङ्क सङ्कलन,
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत न्यूनतम १०० दिनको रोजगारी वा बेरोजगार भत्ताको सुरुवात,
- पुननिर्माणको क्रममा ४० करोड श्रम दिन बराबरको रोजगारी सिर्जना, १ लाख दक्ष र १० लाख अर्धदक्ष जनशक्तिलाई रोजगारी प्रदान,
- सहुलियतपूर्ण ऋणमार्फत् डेढ लाख रोजगारी सिर्जना।

## ⇨ उर्जा, सिचाइ र कृषि

- भेरी– बबई डाइभर्सन, सुनकोशी–मरिन डाइभर्सन जस्ता तराई– मधेसका रुपान्तरणकारी योजनाहरू आरम्भ,
- सिक्टा र रानीजमरा योजनाबाट सिचाई सुरु। स्थानीय तहमा हस्तान्तरण भएका साना सिंचाई आयोजनाको निर्माणमा तीव्रता,
- राष्ट्रिय गौरवको तामाकोशी जलविद्युत आयोजना सम्पन्न,
- विद्युत उत्पादन तथा खपत उल्लेख्य रुपमा बढेको, विद्युत उत्पादन क्षमता १०४५ मेगावाटबाट दोब्बर वृद्धि भई २१७४ मेगावाट, प्रतिव्यक्ति विद्युत खपत १६४ कि.वा. बाट दोब्बर वृद्धि भई ३०० कि.वा. नाघेको,
- नागरिकमा विद्युतको पहुँच वृद्धि भई यस अवधिमा राष्ट्रिय विद्युत प्रणालीमा आवद्ध हुने घरधुरी ६९ प्रतिशतबाट बढेर ९१ प्रतिशत पुगेको,
- विद्युत चुहावट २५ प्रतिशतवाट १५ प्रतिशतमा झरेको, लोडसेडिङको अन्त्यसँगै धुवाँमुक्त चुल्हो र विद्युतीय उपकरणको प्रयोग गर्ने सामर्थ्य बढेको।

### ⇨ सूचना प्रविधि र सेवा प्रवाहमा अभूतपूर्व विस्तार

- सूचना महामार्ग निर्माण,
- सञ्चार पूर्वाधार संरचनाको विस्तारका कारण इन्टरनेटको प्रयोगकर्ता सङ्ख्या दोब्बर भई ८५ प्रतिशत पुगेको,
- डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन,
- डिजिटल प्रविधिमा आधारित भएर स्थानीय सरकारका सेवा सञ्चालन, वित्तीय कारोवार, कर भुक्तानी सेवा तथा सामाजिक सञ्जालका माध्यमवाट सूचना तथा जानकारी प्रवाह गर्ने क्रम ह्वातै बढेको,
- फोर जी सेवा सबै जिल्लामा विस्तार,
- पालिका र वडाबाट सेवा प्रवाहमा उल्लेखनीय सहजता।

यसका अलावा नेकपा (एमाले) बाट विजयी जनप्रतिनिधिहरूको पहलमा विभिन्न पालिकामा नमूनायोग्य काम भएका छन्–

- विभिन्न पालिकाहरूले आफ्नो विशेषता र आवश्यकता अनुसार एउटा वडाबाट अर्को वडा जोड्ने सडक, पुल, चक्रपथ, घोडेटो र पदमार्ग निर्माण गरेका छन्। विभिन्न पालिकामा हेलिप्याड र खेलमैदान निर्माण भएका छन्। कतिपय पालिकाहरूले आफ्नै स्रोतमा एकीकृत र नमूना बस्ती निर्माण गरेका छन् भने कतिपय पालिकामा दलित, बादी समुदाय र अन्य बेघरबारलाई आवास निर्माण, वडास्तरमै विपन्न व्यवस्थापन केन्द्र स्थापना, हिंसा पीडितको उद्दार तथा पुनर्स्थापनाको काम गरिएको छ। उज्यालो पालिका निर्माणका लागि ५०० किलोवाटसम्म विद्युत् उत्पादन, सोलार बत्ती र उज्यालो पालिका घोषणा, सडक बत्ती जडान पनि नमूना कार्यक्रमका रुपमा रहेका छन्। विभिन्न पालिकामा सामुदायिक भवन, बाल उद्यान र जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गरिएका छन्। पार्क तथा पर्यटकीय स्थल विकास, होम स्टे र पर्यावरणीय पर्यटन प्रवर्द्धनमा विभिन्न पालिकाको भूमिका महत्वपूर्ण छ। त्यस्तै गुम्बा, मन्दिर लगायत सांस्कृतिक सम्पदाहरूको संरक्षणमा पनि पालिकाको योगदान प्रशंसनीय छ।
- कतिपय पालिकाले बेटी बचाऊ, बेटी पढाऊ अन्तर्गत कक्षा ८ भन्दा माथिका छात्राहरूलाई साइकल वितरण गरेका छन्। शिक्षाको विकासका लागि

विद्यालयलाई कम्प्युटर वितरण, स्थानीय भाषामा पाठ्यक्रम निर्माण र अध्यापन, स्थानीय तहमा बुद्ध शिक्षा आरम्भ, विज्ञान प्रयोगशाला र विज्ञान पार्क निर्माण, एक शिक्षक एक ल्यापटप, एक कक्षा एक प्रोजेक्टरको व्यवस्था जस्ता उदाहरणीय काम गरेका छन्। प्राविधिक शिक्षामा छात्रवृत्ति, विद्यार्थीहरूलाई खाजा वितरण जस्ता पालिकाहरूको कामले शिक्षाको गुणस्तर बढाउन योगदान गरेको छ। कतिपय पालिकाले सुरु गरेका छोरी बचत कार्यक्रम र पहिलो छोरी जन्मँदा खातामा रु. १५,००० राखिदिने कार्यक्रमले छोरीप्रतिको दृष्टिकोण बदल्न योगदान गरेको छ।

- विपद्का बेलामा मृतक परिवार भेटघाट तथा भेटी वितरण गर्ने, विरामीहरूलाई उपचारमा सहयोग र निःशुल्क औषधी वितरण गर्ने, सुत्केरी आमालाई पोषिलो खाना, बच्चालाई नाना र अन्य सहयोग उपलब्ध गराउने कामले पालिकाहरूलाई जनताको दुःखसुखको साथीका रुपमा स्थापित गर्न सहयोग गरेको छ। पालिकाहरूले अस्पतालहरूलाई एम्बुलेन्स र शववाहन, उपकरण र औषधी प्रदान गरेर, मोतियाबिन्दु र आङ खस्ने महिलाहरूको निशुल्क उपचार गरेर जनस्वास्थ्य प्रवर्द्धनमा बलियो टेवा पुऱ्याएका छन्।
- सामूहिक कृषिलाई प्रोत्साहन, बाँझो जमिनमा सामूहिक खेती, निःशुल्क पशुपक्षी वितरण र कृषकहरूलाई विद्युतमा छुट, कृषि–चिस्यान केन्द्र, फलफूल खेती, टनेल निर्माणमा अनुदान, भूमिगत सिंचाई र कृषिमा यान्त्रिकीकरणका लागि अनुदान, जडिबुटी प्रशोधन उद्योगको स्थापना गरेर कृषिको विकासमा पालिकाहरूले टेवा पुऱ्याएका छन्। जलाशय निर्माण, ताल, पोखरी संरक्षण तथा पर्यावरण संरक्षणको क्षेत्रमा पनि कतिपय पालिकाहरूको भूमिका महत्वपूर्ण छ।
- त्यस्तै, युवालाई सहुलियतमा ऋण र उद्यमशीलता तालिम दिएर स्थानीय तहबाटै रोजगारी र जनताको जीवनस्तर सुधारमा सहयोग पुऱ्याएका छन्। विभिन्न पालिकामा अपाङ्ता भएका व्यक्ति, एकल पुरुष र विपन्न नागरिकका लागि आर्थिक सहयोग उपलव्ध गराइएको छ। जङ्गली जन्तुबाट बाली संरक्षणका प्रयाश भएका छन्।
- पालिकाहरूमा सयौं कानुन निर्माण भएका छन्। राजस्व चुहावट नियन्त्रणका लागि कदम चालिएका छन्। कतिपय पालिकाहरूले लगानी सम्मेलन आयोजना गरेर लगानी भित्र्याउने काम गरेका छन्। कतिपय पालिकाहरूमा फोहरबाट ग्यास उत्पादन गरिएको छ।

- त्यस्तै विभिन्न पालिकाले छाउपडी गोठमुक्त पालिका घोषणा, बालमैत्री पालिका र बालश्रम मुक्त पालिका घोषणा गरेका छन् भने कतिपय ठाउँमा जाडोबाट बचाउन सार्वजनिक रुपमा दाउरा, कम्मल र न्यानो लुगा वितरण गरिएको छ ।

नेकपा (एमाले) नेतृत्वका सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरूले कानूनी, संस्थागत, नीतिगत, प्रशासनिक र आर्थिक–सामाजिक परिवर्तन एवं रुपान्तरणका क्षेत्रमा गरेका उपरोक्त कामहरूले समाजवाद–उन्मुख अर्थतन्त्रको जग बसाल्न सुरु गरेका छन् ।

## ५.

## सामाजिक–आर्थिक रुपान्तरण, स्थानीय विकास र समृद्धि सम्बन्धी पार्टी दृष्टिकोण

यतिबेला हामी समाजवादका आधार निर्माण गर्ने चरणमा छौं । समाजवाद–उन्मुख राज्यव्यवस्था लोककल्याणकारी चरित्रको, खुला, प्रतिस्पर्धी एवं आर्थिक–सामाजिक न्याय र समानतालाई आत्मसात गरेको अर्थ–राजनीतिक प्रणाली सहितको राज्यव्यवस्था हो । समाजवाद निर्माणका लागि उत्पादनका साधनमा सबैको पहुँच विस्तार गर्नु पर्छ । राष्ट्रिय पुँजीको निर्माण गरेर स्वाधीन अर्थप्रणाली विकास गर्नु पर्छ । शिक्षा, स्वास्थ्य र सामाजिक सेवाहरूमा आम नागरिकहरूको सहज पहुँच स्थापित गर्नु पर्छ । लाभको न्यायोचित पुनर्वितरण र सर्वकालिक सामाजिक सुरक्षाको व्यवस्था मार्फत् लोककल्याणकारी राज्य निर्माण गर्नु पर्छ । सबै खाले आर्थिक, सामाजिक, सांस्कृतिक र लैङ्गिक विभेदको अन्त्य गरेर सहभागितामूलक पद्धति विकास गर्नु पर्छ । नेकपा (एमाले) यिनै विषयका लागि क्रियाशील छ ।

सामाजिक न्याय सहितको आर्थिक विकास र समृद्धि नेकपा (एमाले) को विकास सम्बन्धी सोचको सार हो । समाजवाद–उन्मुख राज्यव्यवस्था भन्नु नै सबैलाई समान अधिकार तथा अवसरमा समान पहुँच, सबैलाई समानता तथा सम्मान एवं सबैलाई सामाजिक न्याय र सुरक्षाको ग्यारेण्टी हुने प्रणाली हो । सबैले भयमुक्त वातावरणमा उन्नति गर्न सकून् भन्ने हाम्रो पार्टीको नीति हो । कोही भोकै पर्दैन, भोकले कोही मर्दैन जस्ता नारा यसै दिशामा लक्षित छन् । सामाजिक न्याय बिनाको आर्थिक वृद्धिले विषमता बढाउँछ भने वितरणमा एकतर्फी जोडले गरिबीको पुनर्वितरणतिर लैजान्छ । कूल ग्राहस्थ उत्पादनमा वृद्धि या प्रतिव्यक्ति आयको औसत मापन

सन्तुलित र समन्यायिक विकासका लागि मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय सुरक्षा, वाह्य सम्बन्ध, ठूला पूर्वाधार र परियोजनाहरू, शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण लगायत सामाजिक क्षेत्र तथा आर्थिक विकासलाई गति दिन राज्यले नेतृत्व गर्नु पर्छ । निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन र रोजगारी सिर्जना लगायत क्षेत्रमा निजी क्षेत्रको गतिशील भूमिका स्थापित गर्नु पर्छ ।

गरिने समृद्धि होइन, मुलुकको समृद्धिको लाभ आम जनताले पाउने समृद्धि हामीले खोजेका हौं । यसलाई हामीले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षामा सूत्रबद्ध गरेका छौं, परिपूर्ण लोकतन्त्रका रुपमा समेत परिभाषित गरेका छौं ।

समृद्धि हासिल गर्न हामीसँग महत्वपूर्ण आधार र अवसर छन् । उर्बर भूमि र भौगोलिक एवं जैविक विविधताको भण्डार हुनाले नेपालमा उच्च मूल्यका कृषि उत्पादन, पशुपन्छी विकास र जडिबुटी उद्योगको पर्याप्त संभावना छ । कृषिको आधुनिकीकरणबाट खाद्य सुरक्षा, आत्मनिर्भरता र रोजगारी सिर्जनामा ठूलो योगदान हुनेछ । जलस्रोतको विशाल भण्डारको सही उपयोगबाट उर्जा विकास र सिचाइमा अकल्पनीय सफलता हासिल गर्न सकिन्छ । यसबाट राष्ट्रिय विकासमा फड्को मार्ने मात्र होइन, हामीले उर्जा सङ्कटको समाधान र वातावरणीय सुरक्षामा यस क्षेत्रकै लागि योगदान गर्न सक्छौं । मुलुकसँग पर्यटनको विकास र समृद्धि हासिल गर्न प्रचुर प्राकृतिक र सांस्कृतिक सम्पदा छन् । सूचना प्रबिधि र सेवाका क्षेत्र समृद्धिका महत्वपूर्ण आधार हुन् । १६ वर्षदेखि ५९ वर्ष उमेर समूहको बाहुल्य हुनाले आर्थिक विकासका लागि जानसाङ्ख्यिक लाभ उपलव्ध छ । जनताका प्रतिनिधिद्वारा निर्मित संविधान छ, लोकतन्त्र संस्थागत भएको छ र द्वन्द्व अन्त्य भएर दिगो शान्तिका आधार तयार भएको छ, जसले गर्दा आर्थिक विकासका लागि अनुकूल वातावरण छ । संविधानले नै समाजवाद– उन्मुख राज्य व्यवस्था र समाजवाद– उन्मुख आर्थिक प्रणालीको दिशानिर्देश गरेको छ । सहभागितामूलक विकास पद्धतिको आधार निर्माण भएको छ । नेपालप्रति अन्तर्राष्ट्रिय समुदाय र मित्र राष्ट्रहरूको सद्भाव र सहयोग सकारात्मक छ । मिहिनेती जनता, राजनीतिक रुपमा सचेत र लोकतन्त्रप्रति प्रतिबद्ध समाज र सामाजिक सद्भाव, विविधताबीचको एकता र सहिष्णुता सामाजिक पुँजीका रुपमा रहेका छन् । द्वन्द्व र सङ्क्रमणकालका बीचमा पनि सामाजिक क्षेत्रमा हासिल भएका उपलब्धि समृद्धिका लागि बलियो जगका रुपमा रहेका छन् ।

नेकपा (एमाले) सङ्कल्प गर्दछ– हामी यी अवसरलाई सदुपयोग गर्दै छोटो समयमै मुलुकलाई यस क्षेत्रकै समुन्नत र सबल राष्ट्र निर्माण गर्ने छौं ।

हाम्रो सरकारले गरेका रुपान्तरणकारी कामका बाबजुद समाजवादको आधार निर्माणमा कतिपय संरचनागत समस्या र सीमा विद्यमान छन् । निजी सम्पत्तिमाथि व्यक्तिको अधिकार संविधानबाट संरक्षित छ । प्राकृतिक स्रोतमाथि व्यक्ति एवं समुदायको अधिकार पनि संविधानतः सुरक्षित छ । खुला व्यापार, निजी लगानी र अन्तरराष्ट्रिय आर्थिक सम्बन्ध सम्बन्धी विद्यमान

सन्धी, सम्झौता तथा कानूनी प्रबन्धको सीमाभित्रै रहेर अगाडि बढ्नु पर्ने आजको यथार्थ हो। राष्ट्रिय पुँजी निर्माणको अवस्था कमजोर छ।

विगतमा अन्धाधुन्ध ढङ्गले लागू गरिएको उदारीकरण र निजीकरणका कारण समग्र अर्थतन्त्रमा राज्यको भूमिका खुम्चिन पुग्यो। सशस्त्र द्वन्द्व र राजनीतिक अस्थिरताले राज्यलाई थप कमजोर बनायो। फलतः अझै पनि उद्योग व्यवसाय, बैङ्किङ, सार्वजनिक यातायात लगायत क्षेत्रमा राज्यको उपस्थिति कमजोर छ। औद्योगीकरणको स्तर न्यून र समग्र उत्पादकत्व कमजोर छ। शिक्षा र स्वास्थ्य क्षेत्रको व्यापारीकरण चुनौतीका रुपमा छ। परनिर्भरता गंभीर समस्याका रुपमा छ। खुला सीमानाले ल्याएका आर्थिक विकासका जटिलता छन्। हामी सङ्घीयताको नयाँ अभ्यासमा छौं। उद्यमशीलता र सिर्जनात्मक सोचमा अवरोध खडा गर्ने सामन्तवादका अवशेष कायमै छन्।

सशस्त्र द्वन्द्व, राजनीतिक सङ्क्रमण र अस्थिर सरकारका कारण विगतमा राज्यको स्रोत साधन र अवसरको दोहन बढ्यो। खानी, जलस्रोत र जमीन लगायत क्षेत्रको लाभ सीमित व्यक्तिको हातमा पुग्यो। आर्थिक विषमता बढ्यो। राजनीतिक संरक्षणमा महत्वपूर्ण व्यवसाय ठूला व्यापारीलाई सुम्पने, वास्तविक लागतभन्दा बढीमा आयोजना ठेक्का दिने, कमिशन उठाउने र भ्रष्टाचारलाई संस्थागत गर्ने विकृति बढे। उपभोक्ताको हित संरक्षण हुन सकेन। कृषिको उत्पादकत्वमा अपेक्षित वृद्धि हुन सकेन। कृषकहरूले उत्पादनको उचित मूल्य पाउन सकेनन्। बिचौलियाको दबदबा नियन्त्रण हुन सकेन। कृषि क्षेत्रबाट मुक्त भएको, प्रारम्भिक शिक्षा हासिल गरेको र सूचना प्रविधिका माध्यमले विश्वसँग परिचित युवा शक्ति श्रम बजारमा उपस्थित भयो, तर रोजगारीका अवसर उपलब्ध हुन सकेनन्। त्यसले एकातिर उर्जाशील श्रम शक्ति जोखिमपूर्ण कामका लागि बाहिर जाने स्थिति बन्यो भने, अर्कातिर देशभित्र श्रमशक्तिको अभाव हुन पुग्यो। विप्रेषणले मुलुकको अर्थतन्त्र र सम्बन्धित व्यक्तिको परिवारमा सहयोग पुऱ्याएको भए पनि राष्ट्रिय पुँजीको विकास र मुलुकलाई आत्मनिर्भर बनाउन दिगो योगदान गर्न सकेन। समाज उत्पादनशील होइन, उपभोक्तावादी बन्दै गयो।

विकासका यी वाधक विषयलाई सही ढङ्गले पहिचान गर्दै तिनलाई हटाउन नेकपा (एमाले) केन्द्रित भएर लागिपरेको छ।

सन्तुलित र समन्यायिक विकासका लागि मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय सुरक्षा, वाह्य सम्बन्ध, ठूला पूर्वाधार र परियोजनाहरू, शिक्षा, स्वास्थ्य, खानेपानी,

वातावरण लगायत सामाजिक क्षेत्र तथा आर्थिक विकासलाई गति दिन राज्यले नेतृत्व गर्नु पर्छ। निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन र रोजगारी सिर्जना लगायत क्षेत्रमा निजी क्षेत्रको गतिशील भूमिका स्थापित गर्नु पर्छ। सहकारी मार्फत् छरिएको पुँजी एकत्रित गर्दै अर्थतन्त्रमा जनताको सहभागिता वृद्धि गर्नु पर्छ, उत्पादक सहकारीहरू मार्फत् उत्पादन वृद्धि तीव्र पार्नु पर्छ। उत्पादन र वितरणमा बिचौलियाको प्रभाव अन्त्य गर्नु पर्छ र अर्थतन्त्रमा जनताको हिस्सा बढाउँदै जानु पर्छ। तीव्र आर्थिक विकासका लागि वैदेशिक सहयोग, लगानी र प्रविधिको खाँचो पर्छ। यस्तो पुँजी, प्रविधि र सहयोग सार्वभौम समानता, स्वाधीनता र राष्ट्रिय हितमा आधारित हुनु पर्छ। सबल र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गरेर मात्र राष्ट्रियताको रक्षा र सुदृढीकरण गर्न सकिन्छ।

नेकपा (एमाले) उपरोक्त दृष्टिकोणमाथि आधारित भएर स्थानीय तहमा सामाजिक–आर्थिक रुपान्तरण र समृद्धिको अभियानलाई तीव्र पार्ने छ।

## ६.

## स्थानीय विकास, सुशासन र समृद्धि सम्बन्धी नीति र प्राथमिकता

आगामी पाँच वर्षका लागि स्थानीय विकास, सुशासन र समृद्धि सम्बन्धी हाम्रा नीति र प्राथमिकता देहाय बमोजिम हुनेछन्–

### क) गुणस्तरीय शिक्षाको आधारः प्राविधिक शिक्षाको विस्तार र सामुदायिक विद्यालयमा सुधार

गुणवान र सक्षम नागरिक तयार गर्न शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्दै सामुदायिक शिक्षालाई गुणस्तरीय, सिपमूलक र जीवनउपयोगी बनाउने ।

- विद्यालय जाने उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकास लगायत आधारभूत तथा माध्यमिक शिक्षामा सहज पहुँच पुऱ्याउने। बीचैमा पढाइ छाड्ने समस्याको समाधान गर्ने। विद्यालय जान नसक्ने बालबालिकाका लागि विशेष व्यवस्था गर्ने। विपद्का कारण विद्यालय जानबाट बञ्चित बालबालिकाहरूका लागि विशेष व्यवस्था गर्ने,
- पालिकाहरूलाई पूर्ण साक्षर घोषणा गर्ने। प्रौढ तथा अभिभावक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, जीवन पर्यन्त सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी कार्य सञ्चालन गने, पुस्तकालय स्थापना गर्ने,
- सामुदायिक शिक्षालाई गुणस्तरीय, प्रतिष्पर्धी र सहज पहुँचभित्र पुऱ्याउन पर्याप्त कक्षा कोठा, पुस्तकालय र

गुणवान र सक्षम नागरिक तयार गर्न शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्दै सामुदायिक शिक्षालाई गुणस्तरीय, सिपमूलक र जीवनउपयोगी बनाउने ।

पूर्वाधार, जनशक्ति, वित्तीय व्यवस्था र स्वास्थ्य चेतनाको विकासद्वारा स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयन र निरोगी नेपाल निर्माण गर्ने ।

प्रत्येक नागरिकलाई स्वच्छ र पर्याप्त खानेपानी र सरसफाइको व्यवस्था मार्फत् सफा, सुन्दर र सभ्य पालिका निर्माण गर्ने ।

... ... ...

प्रयोगशाला, विद्यार्थी अनुपातमा शिक्षकको व्यवस्था, आवश्यक जनशक्ति, तालिम, खेलकुद मैदान, विद्यालय यातायात सुविधा सुनिश्चित गर्ने,

- बालिकामैत्री शौचालयको व्यवस्था, स्यानिटरी प्याडको नियमित र भरपर्दो वितरण, बालिका छात्रवृत्ति, विद्यालय नर्स सेवा कार्यक्रमलाई निरन्तरता दिई विस्तार गर्ने, विद्यार्थीका लागि पोशाक, दिवा खाजा, पाठ्य सामग्री जस्ता प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति प्रदान, सञ्चालन, व्यवस्थापन तथा नियमनसम्बन्धी कार्यमा स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने,
- प्रत्येक पालिकामा कम्तिमा एउटा प्राविधिक धारको माध्यमिक विद्यालय स्थापना गर्ने। बहुविधामा कक्षा सञ्चालन, प्राविधिक सिप तथा व्यावसायिक तालिम प्रदान गर्ने। पढ्दै र कमाउँदै गर्ने शिक्षालाई सिप र रोजगारीसँग आबद्ध गर्ने,
- विद्यालय व्यवस्थापन समितिलाई सक्षम, प्रभावकारी र जवाफदेही बनाउने। शिक्षकलाई पछिल्ला सिकाइ शैली र ज्ञानबारे अद्यावधिक हुन, प्रविधिमैत्री बन्न र विद्यार्थीमा उत्प्रेरणा दिन सक्ने गरी प्रोत्साहन गर्ने,
- माध्यमिक शिक्षालाई क्रमशः निशुल्क र अनिवार्य बनाउने, सामुदायिक विद्यालयको गुणस्तर विकास गरेर स्थानीय विद्यालयमै पढ्ने वातावरण निर्माण गर्ने,
- उच्च शिक्षाका लागि सक्षम र प्रतिष्पर्धी विद्यार्थी उत्पादन र उच्च शिक्षामा पहुँचका लागि आवश्यक सहयोग गर्ने,
- सबैभन्दा योग्यलाई शिक्षण पेशामा आकर्षित गर्न आवश्यक नीति र योजना तर्जुमा गर्ने।

## ख) निरोगी नेपाल, स्वस्थ नेपाली

पूर्वाधार, जनशक्ति, वित्तीय व्यवस्था र स्वास्थ्य चेतनाको विकासद्वारा स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयन र निरोगी नेपाल निर्माण गर्ने।

- आरोग्यता, स्वास्थ्य परीक्षण, निशुल्क आधारभूत स्वास्थ्य सेवा, जटिल रोगको निशुल्क उपचार, विमा, स्वास्थ्य पूर्वाधार र जनशक्तिको समष्टिगत व्यवस्था मार्फत् स्वास्थ्य सम्बन्धी मौलिक हक कार्यान्वयन गर्ने,

- प्रत्येक पालिकामा निर्माणाधीन आधारभूत अस्पताल सम्पन्न गर्ने, प्रत्येक वडामा स्वास्थ्य चौकी निर्माण र सञ्चालन गर्ने, त्यसका लागि आवश्यक स्वास्थ्य उपकरण तथा जनशक्ति व्यवस्थापन गर्ने,
- निजी, सहकारी तथा सामुदायिक क्षेत्रसँगको पहल, समन्वय र सहकार्यमा निर्मित अस्पतालद्वारा सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध हुने कुरा सुनिश्चित गर्ने। स्वास्थ्य सेवाको उपलव्धता र गुणस्तरको नियमित अनुगमन गर्ने,
- महामारी, विपद् तथा अन्य स्वास्थ्य जोखिमको व्यवस्थापन गर्ने, स्वास्थ्यका लागि हानिकारक खाद्यपदार्थको नियमन, सबै खाद्यवस्तुको मापदण्ड निर्धारण र गुणस्तर अनुगमन गर्ने,
- स्वास्थ्य सेवा शिविर सञ्चालन, प्रजनन स्वास्थ्य, पोषण सेवासम्बन्धी कार्य गर्ने, गंभीर रोगको पूर्व परीक्षण (स्क्रिनिङ) र पाठेघरको क्यान्सरको निशुल्क परीक्षण गर्ने,
- गर्भवती सबै महिलाले स्वास्थ्य केन्द्रमा प्रसूति हुन आवश्यक सुविधा र प्रोत्साहन गर्ने, गर्भावस्थामा नै पौष्टिक आहार वितरण, स्वास्थ्य परीक्षण, मातृत्व शिक्षा र शिशु स्याहारकार्यलाई अझ प्रभावकारी बनाउने,
- प्रत्येक नागरिकको अनिवार्य स्वास्थ्य विमा गर्ने, जेष्ठ नागरिक, विपन्न, दलित, एकल महिला र अपाङ्गता सहितका व्यक्तिको स्वास्थ्य विमा निशुल्क गर्ने,
- स्वास्थ्य केन्द्र तथा अस्पतालबाट निशुल्क वितरण हुने औषधिको गुणस्तर र समयमै आपूर्ति सुनिश्चित गर्ने,
- स्पाइनल इञ्जुरीका कारण अपाङ्गता भएका लगायत गंभीर प्रकृतिको अपाङ्गता भएका व्यक्तिको पुनर्स्थापना तथा उनीहरूलाई आवश्यक पर्ने औषधि र अन्य सहायता सामग्री स्थानीय तहमै उपलब्ध गराउने व्यवस्था गर्ने,
- आयुर्वेद, योग र प्राकृतिक चिकित्सालाई प्रवर्द्धन गर्ने, औषधिजन्य गुण भएका जडिबुटीको उत्पादन, प्रशोधन र सदुपयोग गर्ने,
- मदिरा सेवन, धूमपान, लागू औषधको सेवनलाई निरुत्साहन गर्न जागरणमूलक र कानुनी प्रबन्ध गर्ने।

- स्वस्थ्य आहार, स्वस्थ्य विहार र विश्रामको सन्तुलन कायम गर्न जनचेतना अभिवृद्धि गर्ने,
- स्थानीय स्वास्थ्य सुचना प्रणालीलाई केन्द्रिय सूचना प्रणालीसंग आवद्ध गर्ने ।

**ग) स्वच्छ खानेपानी : सफा बस्ती र राम्रो आनीबानी**

प्रत्येक नागरिकलाई स्वच्छ र पर्याप्त खानेपानी र सरसफाइको व्यवस्था मार्फत् सफा, सुन्दर र सभ्य पालिका निर्माण गर्ने ।

- एक घर एक धारा अभियान अन्तरगत आगामी दुई वर्षभित्र सबै नागरिकमा खानेपानीको सुलभ आपूर्ति सुनिश्चित गर्ने,
- खानेपानी व्यवस्थापनमा जनसहभागिता सुनिश्चित हुने गरी उपयुक्त संयन्त्र निर्माण गर्ने, ठूला खानेपानी आयोजना सङ्घ र प्रदेशसँगको सहकार्यमा निर्माण गर्ने,
- खानेपानी तथा सरसफाइ कार्ययोजना कार्यान्वयन गर्ने । खानेपानी मुहान लगायत पानीको स्रोत, नदी नाला, कुवा तथा पोखरीको संरक्षण तथा सफाइ सम्बन्धी कार्य गर्ने,
- सार्वजनिक क्षेत्रमा शौचालयको व्यवस्था गर्ने । ढल व्यवस्थापन सम्बन्धी कार्य गर्ने । फोहोर पानी प्रशोधनको व्यवस्था गर्ने । फोहोर मैलाको दिगो व्यवस्थापन गर्ने । फोहोर मैला सङकलन, प्रशोधन, पुनर्प्रयोग तथा व्यवस्थापनमा सार्वजनिक–निजी साझेदारी तथा अन्तरपालिका साझेदारी विकास गर्ने,
- फोहोर मैला व्यवस्थापन र सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,
- चालिस माइक्रोनभन्दा मुनिको प्लास्टिकको प्रयोग पूर्णरुपमा निषेध गर्ने ।

**घ) आधुनिक ऊर्जा: उज्यालो पालिका**

विद्युत् उत्पादन र खपत बढाउने, आधुनिक ऊर्जामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै नवीकरणीय ऊर्जाको प्रयोगद्वारा दैनिक जीवनमा सहजता तथा रोजगारी, आय बृद्धि र पर्यावरण संरक्षण गर्ने ।

- प्रत्येक नागरिकका घरमा विद्युत् सुविधा उपलव्ध गराउने । विपन्न परिवारलाई घरायशी प्रयोगको विद्युत् निशुल्क उपलव्ध गराउने,

- ऊर्जा उत्पादन र वितरणमा सामुदायिक, सहकारी एवं पालिकाको सहभागिता सुनिश्चित गर्ने गरी आवश्यक कानुनी र संरचनात्मक प्रबन्ध गर्ने। नेपाल विद्युत् प्राधीकरण र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग आवश्यक समन्वय र सहकार्य गर्ने,
- पालिकामा सञ्चालित जलविद्युत आयोजनाबाट स्थानीय समुदायलाई साझेदार र लाभान्वित  बनाउन पहल गर्ने,
- बायोग्यास, सौर्य ऊर्जा, वायुऊर्जा, लघु जलविद्युत लगायतका वैकल्पिक ऊर्जाका प्रयोगबाट सबै परिवारमा आधुनिक ऊर्जा पुऱ्याउने। घरेलु प्रयोगमा विद्युतीय चुलो लगायत नवीकरणीय ऊर्जाको उपयोग बढाउने,
- आधुनिक कृषि, लघु तथा घरेलु उद्योग, स्थानीय उत्पादनको प्रशोधन लगायतबाट आय आर्जन गर्न ऊर्जाको उपयोग गर्न प्रोत्साहन गर्ने,
- विकास र आधुनिकीकरणको प्रक्रियालाई अगाडि बढाउन विद्युतको उपयोग वृद्धि गर्ने।

## ङ) उन्नत कृषि : किसानको समृद्धि

सिंचाईको विस्तार, कृषि– भूमिको सही उपयोग र आधुनिक प्रविधिको माध्यमबाट कृषिको आधुनिकीकरण गर्दै मुलुकलाई आत्मनिर्भर र  किसानलाई समृद्ध बनाउने।

- जीवनको आधारका रुपमा रहेको खाद्य पदार्थ उत्पादन गर्ने कृषि क्षेत्रलाई उच्च महत्व दिएर लगानी अभिवृद्धि गर्ने र मुलुकलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने,
- भूउपपयोग नीतिलाई प्रभावकारी कार्यान्वयन गर्ने। कृषियोग्य जमिनको जथाभावी प्रयोगलाई नियन्त्रण गर्ने। व्यावसायिक खेती गर्न चाहनेहरूलाई भूमिब्याङ्क मार्फत् आवश्यक जमिन उपलब्ध गराउने। लिज, करार र सहकारी मार्फत खेती गर्न त्यस्ता जमिनका सन्दर्भमा आवश्यक कानुनी प्रबन्ध र राज्यको सुरक्षा प्रत्याभुत गर्ने,
- माटोको स्वास्थ्य रक्षा गर्ने, उत्पादकत्व बढाउने र माटोको यथार्थ अवस्थाको वैज्ञानिक सूचना आधुनिक प्रविधिका माध्यमबाट किसानले पाउने व्यवस्था गर्ने,
- सबै कृषियोग्य जमिनमा सिंचाई सुविधा उपलव्ध गराउने, वर्षातको पानी सङ्कलन, सतह सिंचाई, भूमिगत र लिफ्ट सिंचाई आयोजनामा प्रयोग हुने विद्युतको डिमाण्ड

चार्ज लगायत अन्य शुल्क हटाउने, अफ–पिक आवरमा प्रयोग हुने विद्युतमा सहुलियत दिने,

- उन्नत जातको बिउ, आधुनिक प्रविधि, कृषि तथा पशु सेवा सबन्धी प्राविधिक जनशक्ति उपलव्ध गराई कृषिको उत्पादकत्व वृद्धि गर्ने । उत्पादनको भण्डारण, प्रशोधन तथा बजारीकरणमा सहयोग गर्ने,
- कृषि विमा, कृषि कर्जा, कृषि उपजको समर्थन मूल्य निर्धारण, अनुदान जस्ता कदम मार्फत् किसानको लगानीको सुरक्षा गर्ने । कृषिलाई लाभदायी पेशा बनाउँदै किसानहरूको बचत सुनिश्चित गर्ने,
- कृषि क्षेत्रमा पकेट, ब्लक, जोन र सुपरजोनलाई व्यवस्थित गर्ने,
- नेपालमै रासायनिक मल कारखाना स्थापना गर्न सहकार्य गर्ने,
- प्रत्येक पालिकाको पहिचान स्थापित गर्ने गरी विशेष खाद्यबाली, फलफूल, पुष्पखेती, नगदेबाली, पशुपन्छी, चराचुरुङ्गी वा जलचरको विकास गर्ने । निश्चित कृषि र पशु उत्पादनमा पालिकाहरूलाई आत्मनिर्भर बनाउने । पशुपालनका लागि नस्ल सुधार, उन्नत घाँस, चरिचरन र खर्क, पशुजन्य औद्योगिक उत्पादन तथा व्यवस्थापन गर्ने,
- उच्च मूल्यका खाद्यान्न, फलफूल, जडिबुटी, चिया, कफी, अलैंची, अदुवा, सुपारी, कपास, रेशम, उन, रेसा, केशर, पुष्प, काठ लगायत वस्तुहरूको उत्पादन, प्रशोधन र निर्यात गर्ने,
- कृषि सहकारीहरूका माध्यमबाट व्यावसायिक कृषिको विकास गर्ने । उत्पादक र उपभोक्ताको हित संरक्षण गर्दै वितरणमा बिचौलियाको वर्चस्व अन्त्य गर्ने,
- जलवायु परिवर्तनका प्रतिकूल प्रभावबाट किसानहरूलाई संरक्षण गर्न सूचना प्रणाली, नयाँ प्रविधिको विकास र क्षमता अभिवृद्धि गर्ने,
- अनुभवमा आधारित खेतीप्रणालीलाई ज्ञान र प्रबिधिमा आधारित खेती प्रणालीको रुपमा विकास गर्ने,
- अर्गानिक खेतीको विकास गर्ने, प्राङ्गारिक मल र जैविक विषादीको उत्पादन र प्रयोग गर्ने, रैथाने बिउहरूको संरक्षण र विकास गर्ने,
- खाद्य सुरक्षाको प्रत्याभूति गर्ने, पालिकाहरूमा खाद्य ब्याङ्कको स्थापना गर्ने ।

## च) सहज आवागमनको आधारः दिगो यातायात पूर्वाधार

सहज आवागमन, अर्थतन्त्रमा गतिशीलता र सेवा एवं आपूर्ति व्यवस्था सुनिश्चित गर्न दिगो यातायात पूर्वाधारको विकास गर्ने ।

- सडक, हवाइ, जल, केबुलकार र रोपवे, दूरसञ्चार लगायत आवागमन र सञ्चार सम्बन्धका सबै माध्यमहरूको विकास र प्रयोग गरी आवागमन, सेवा र आपूर्ति व्यवस्थालाई सहज र आधुनिक बनाउने,
- प्रत्येक पालिका केन्द्रलाई पक्की सडकले जोड्ने । प्रत्येक वडा केन्द्रलाई सडक पूर्वाधारमार्फत् पालिका केन्द्रसँग जोड्ने, हरेक वस्तीहरूलाई उपयुक्त यातायात पूर्वाधारबाट नजिकको प्रशासनिक केन्द्र र बजारसँग जोड्ने,
- सडक निर्माण गर्दा यसको दिगोपन, लाभ र पर्यावरणीय प्रभावको अध्ययन गरी मापदण्ड पालनाको अनिवार्य व्यवस्था गर्ने, जथाभावी डोजर प्रयोगलाई निरुत्साहित गर्ने,
- सार्वजनिक यातायात प्राधीकरण स्थापना गरी सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने । ठूला सहरहरूमा रेल, बस र्‍यापिड ट्रान्जिट लगायतका यातायात प्रणालीको विकास गर्ने । ठूला नदी प्रणालीहरूमा जल यातायातको विकास गर्ने,
- यातायात सुविधा पुगेका पालिकाहरूमा बस टर्मिनल, बस पार्क, पार्किङ क्षेत्र विकास, ढुवानीका साधन पार्क, अटो भिलेज आदिको विकास गर्ने । नगर क्षेत्रमा ट्राफिक व्यवस्थापन गर्ने,
- ग्रामीण क्षेत्रमा सडक सुरक्षा र दुर्घटना रोकथामका विशेष कार्यक्रम सञ्चालन गर्ने,
- विद्युतीय सवारी साधन लगायत पर्यावरणमैत्री यातायात सञ्चालनलाई प्रोत्साहन गर्ने । यस सम्बन्धी आवश्यक पूर्वाधार विकास गर्ने,
- मोटरबाटो पुग्न कठिन बस्तीहरूमा स्तरीय पदमार्ग, केबुलकार र अन्य वैकल्पिक प्रबन्ध गर्ने । आवश्यक ठाउँमा पक्की पुलको व्यवस्था गर्ने ।

## छ) एकीकृत वस्ती, योजनाबद्ध सहरी विकास : विकसित पालिका, सुरक्षित आवास

प्रत्येक नागरिकलाई सुरक्षित आवासको हक सुनिश्चित गर्दै एकीकृत वस्ती, योजनाबद्ध सहरी विकास र विकसित पालिका निर्माण गर्ने ।

- सङ्घ र प्रदेशसँग सहकार्य गर्दै सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरूको समस्या सदाका लागि समाधान गर्ने। घरबारविहीन नागरिकलाई सुरक्षित आवासको व्यवस्था गर्ने । सङ्घ र प्रदेशसँगका सहकार्यमा जनता आवास, सुरक्षित आवास, विपद् पीडित आवास तथा दलित समुदायको आवासका कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गर्ने, खर र फुसका छाना विस्थापन गर्ने,
- जोखिममुक्त आवास र वस्ती निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा वस्ती विकास सम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन गर्ने,
- घर नक्सा पास प्रणालीलाई सरल र प्रभावकारी बनाउने,
- अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने। यसका लागि सार्वजनिक– निजी साझेदारी ढाँचा अवलम्बन गर्ने । जग्गा एकीकरण प्रणाली (ल्याण्ड पुलिङ) लाई प्रवर्द्धन गर्ने । नयाँ, आधुनिक र हरित सहरको विकासका लागि व्यवस्थित योजना तर्जुमा र कार्यान्वयन गर्ने,
- सहरी क्षेत्रको सडक हरियाली योजना, गाउँ–सहर सौन्दर्यीकरण र विचरण पार्कको विकास गर्ने,
- भूउपयोग ऐनका आधारमा पालिकाको भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गर्ने । मालपोत तथा जग्गा प्रशासनका काम स्थानीय तहबाटै सञ्चालन गर्ने,
- पुराना बस्तीको सुधार, पूर्वाधार विकास तथा विस्तार गर्दै ऐतिहासिकता र मौलिकताको संरक्षण गर्ने,
- सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन गर्ने । सार्वजनिक जग्गा अतिक्रमण र कब्जा गर्नेहरूमाथि कानुनी कार्बाही गर्दै त्यस्ता जमिन सार्वजनिक स्वामित्वमा ल्याउने,
- नापी नक्सा डिजिटाइज गर्ने । बाँकी रहेका नापीसम्बन्धी कार्य यथाशीघ्र सम्पन्न गर्ने ।

**ज) औद्योगीकरण र आर्थिक वृद्धि : स्वदेश मै रोजगारी सम्मान र समृद्धि**

सार्वजनिक, निजी र सहकारी माध्यमद्वारा औद्योगीकरण गर्दै उत्पादन वृद्धि, रोजगारी सिर्जना, गरिबी निवारण र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने, सामाजिक सुरक्षा कार्यक्रम मार्फत् श्रमिकहरूको हक संरक्षण गर्ने ।

- प्रत्येक पालिकामा कम्तीमा एउटा औद्योगिक ग्राम र प्रत्येक प्रदेशमा कम्तीमा एउटा औद्योगिक क्षेत्र स्थापना र सञ्चालन गर्ने । लघु, साना एवं मझौला उद्योगको स्थापना र विकास गर्न निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन गर्ने,
- आवश्यकता अनुसार विशेष आर्थिक क्षेत्र र निर्यात प्रवर्द्धन क्षेत्र विकास गर्ने,
- स्थानीय तहका अधिकार क्षेत्रभित्रका खानी तथा खनिज पदार्थको उत्खनन, संरक्षण एवं परिचालन सम्बन्धी नीति तथा कानुनी व्यवस्था र सो को कार्यान्वयनद्धारा स्रोत व्यवस्थापन गर्ने,
- उद्यमशीलता विकास, तालिम र बीउ पुँजीको व्यवस्था गर्ने,
- आधारभूत औषधि, कागज र कृषि उत्पादनमा आधारित उद्योगहरूको स्थापना गर्ने,
- हरेक पालिकामा मुख्य आर्थिक केन्द्र र बजारलाई केन्द्रित गरी पूर्वाधारको विकास गर्ने । यसलाई स्थानीय उत्पादनको बजारीकरण र आपूर्तिसँग आबद्ध गर्ने,
- श्रमिकको आवश्यकता र उपलव्धताको अनुसन्धान र अभिलेखीकरण गर्ने, दक्ष र अर्धदक्ष श्रमिकको विकासका लागि सिप विकास, तालिम र पुनर्ताजगीको व्यवस्था गर्ने,
- रोजगार सूचना केन्द्रलाई थप प्रभावकारी बनाउँदै बेरोजगारी अवस्थाको तथ्याङ्क सङ्कलन र सूचनाप्रणाली विकास गर्ने। बेरोजगारलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध गर्ने । स्वरोजगार बन्न चाहनेलाई सहुलियत ऋण वा अनुदान सहयोग उपलव्ध गराउने । विपन्नलाई उत्पादनका साधन तथा सिपमूलक तालिम उपलब्ध गराई काम, रोजगारी र आय आर्जनको अवसर उपलव्ध गराउने,
- श्रमिकको न्यूनतम ज्याला प्रत्याभूत गर्ने, औपचारिक या अनौपचारिक प्रकृतिका, कृषि, उद्योग र सेवा क्षेत्रमा कार्यरत सबै श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने, निर्माण क्षेत्रमा अधिकतम रोजगारी सिर्जना हुनेगरी श्रमप्रधान प्रविधिको प्रयोग गर्ने,

- वैदेशिक रोजगारीमा जानेका लागि न्यूनतम एउटा सिपमूलक तालिम दिने र विदेशबाट फर्केका व्यक्तिहरूको ज्ञान, सिप र पूँजीको सदुपयोग गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

### झ) उद्यमशीलता र रोजगारी: समृद्धिका लागि सहकारी

स्थानीय पुँजीको सङ्कलन, उद्यमशीलताको विकास, उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणका माध्यमका रुपमा सहकारीलाई विकास गर्ने ।

- सहकारीमार्फत् स्थानीय पुँजी सङ्कलन र उत्पादन वृद्धि गर्दै रोजगारी सिर्जना गर्ने,
- सहकारी तथा निजी क्षेत्रसँगको लागत तथा व्यवस्थापन सहभागितामा स्थानीय वस्तुको उत्पादन, आपूर्ति तथा बजारीकरण गर्ने,
- बचत तथा ऋण सहकारीलाई उत्पादनमूलक क्षेत्रमा पुँजी परिचालन गर्न प्रोत्साहित गर्ने,
- कृषि, शिक्षा, स्वास्थ्य, सञ्चार, आवास, विद्युत, बायोग्यास, उपभोक्ता, फोहोरमैला सङ्कलन तथा प्रशोधन, प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन आदिमा सहकारीको प्रवर्द्धन गर्ने,
- स्थानीय सहकारी संस्थाहरूको दर्ता, परिचालन र प्रवर्द्धन सम्बन्धी कार्य गर्ने । सहकारीको कार्यलाई अबरोध गर्ने कानुनलाई परिमार्जन वा विस्थापन गर्ने, सहकारीले राष्ट्रिय आयमा पुऱ्याएको योगदानको राष्ट्रिय गणनाको व्यवस्था गर्ने,
- सार्वजनिक–निजी, सार्वजनिक–सहकारी एवं सार्वजनिक–सामुदायिक साझेदारी सम्बन्धी नीति तथा कानुनहरूको व्यवस्था गर्ने,
- प्रत्येक पालिकामा विपन्न परिवारको पहिचान गर्ने, गरिबी सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने र उनीहरूको सहभागितामा उत्पादन सहकारी निर्माण गरेर सहकारी मार्फत् गरिबी निवारण गर्ने ।

### ञ) मौलिक कला र संस्कृति: पर्यटनबाट समृद्धि

मौलिक कला, संस्कृति र सम्पदाको संरक्षण गर्दै स्थानीय पहिचानको अभिवृद्धि गर्ने र पर्यटनको विकासमार्फत् रोजगारी र समृद्धि हासिल गर्ने ।

- प्रत्येक पालिकाको पहिचान र गौरवको प्राकृतिक र सांस्कृतिक विषय छनोट र विकास गर्ने,

- पर्यटकीय प्राकृतिक सम्पदाहरूको संरक्षण, ऐतिहासिक र सांस्कृतिक सम्पदाको प्रवर्द्धन, मानव निर्मित पर्यटकीय वस्तुहरूको विकास गर्ने,
- मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण मार्फत् सम्बन्धित पालिका र समग्रमा मुलुककै सांस्कृतिक पहिचान र गौरवको रक्षा गर्ने,
- ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदा एवं स्थानीय मेला, पर्व एवं जात्राको संरक्षण तथा व्यवस्थापन गर्ने। मठमन्दिर, गुम्बा, धर्मशाला, पाटी पौवा, बहाः, सत्तल, चौतारो, ऐतिहासिक स्थल, ढुङ्गे धाराजस्ता सम्पदाको संरक्षण र विकास गर्ने। परम्परागत रुपमा चल्दै आएका गुठी, ट्रस्ट तथा कोषको संरक्षण र व्यवस्थापन गर्ने,
- मातृभाषाको संवर्धन, जातीय तथा क्षेत्रीय कला, संस्कृति र ललितकलाको संरक्षण र विकास गर्ने। चलचित्र, नाटक, साहित्य लगायत सिर्जना र स्थानीय स्रष्ठाहरूको संरक्षण र संबर्द्धन गर्ने
- प्राकृतिक, पर्यावरणीय, साहसिक, आरोग्य सेवा, धार्मिक, सांस्कृतिक, कृषि तथा मनोरञ्जन पर्यटन क्षेत्रको पहिचान, प्रवर्द्धन, विकास र संरक्षण गर्ने,
- जैविक र पर्यावरणीय विविधतासहितको इको टुरिज्मलाई संरक्षण र विकास गर्ने। प्रत्येक वडामा बगैँचा तथा पार्कको विकास तथा व्यवस्थापन गर्ने,
- पालिकाहरूमा पर्यटन प्रवर्धनका लागि होटल, रेष्टुरेन्ट, होम स्टे खोल्न प्रोत्साहन गर्ने, पदयात्रा मार्ग, पर्यटक गाइड, पर्यटन सूचना केन्द्र, पर्यटन प्रहरीको विकासका लागि सम्बन्धित संस्था र निजी क्षेत्रसँग सहकार्य गर्ने,
- केबलकार, प्याराग्लाइडिङ, बञ्जी जम्प, ऱ्याफ्टिङ, हटएयर बेलुन, हेलिप्याड लगायत पूर्वाधार तथा सेवा सुविधाको विकासका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने।

## ट) सबल राष्ट्रका लागि स्वस्थ र सिर्जनात्मक युवा

युवाहरूको सर्वतोमुखी विकासका लागि नीतिगत, संरचनात्मक एवं स्रोत व्यवस्थापन गर्दै उनीहरूलाई विकासका साझेदार र मुख्य संवाहकका रुपमा अगाडि बढाउने।

- युवाहरूमा सिर्जनात्मक सोच, स्वयंसेवी भावना, देशप्रेम, सिप, सामूहिकता र गुणवत्ता विकास गर्ने। हरेक क्षेत्रमा युवाहरूलाई अगाडि बढ्न प्रोत्साहन र

आवश्यक वातावरण निर्माण गर्ने, युवाहरूको सहभागिता र नेतृत्व क्षमता विकास गर्दै सामाजिक, आर्थिक र राजनीतिक माध्यमबाट स्थानीय विकास निर्माणमा सहभागी बनाउने,

- युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि खेल मैदान, कभर्ड हल तथा क्लब भवन, आवश्यक खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था लगायत पूर्वाधार निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने,
- युवा उद्यमशीलता विकासका लागि तालिम, व्यावसायिक तथा सिपमूलक शिक्षा, इन्टर्नसिप, स्टार्ट अप, युवा केन्द्रित बिउ पुँजीको व्यवस्था, अन्वेषण तथा अनुसन्धानमा टेवा पुर्‍याउने। प्रत्येक वार्डमा युवाकेन्द्रित उद्यम व्यवसायको व्यवस्था गर्ने, स्वदेशमै रोजगारीका अवसर सिर्जना गरी युवालाई स्थापित गर्ने,
- युवाहरूलाई छुवाछूत, छाउपडी, दाइजो, तिलक, जातीय तथा लैङ्गिक भेदभाव, अन्धविश्वास, कुसंस्कारजस्ता सामाजिक कुरीति हटाउँदै सामाजिक–आर्थिक र सांस्कृतिक रुपान्तरणको अभियानमा अग्रणी भूमिकामा स्थापित गर्ने,
- विपद्, महामारी, विकास निर्माण, सरसफाइ तथा वातावरण संरक्षण र सामाजिक चेतना अभिवृद्धिका लागि हरेक पालिकामा युवा स्वयंसेवकहरूको स्थायी संयन्त्र निर्माण गर्ने, विपद् व्यवस्थापन प्राधिकरण लगायत राज्यका संरचनासँग समन्वय गर्ने,
- माध्यमिक शिक्षा पूरा गरेर श्रम बजारमा जान चाहने युवाहरूका लागि सिप विकास तथा व्यावसायिक शिक्षाको व्यवस्था गर्ने र रोजगारीको प्रबन्ध गर्ने।

## ठ) समानतातर्फको महिला यात्राः समाजवाद–उन्मुख राज्यको विशेषता

राज्यका हरेक अङ्ग, क्षेत्र र क्रियाकलापमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक समानता प्रत्याभूत गर्ने।

- राज्य र समाजका हरेक अङ्ग र क्रियाकलापमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,
- शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा लगायत महिलाका संविधानप्रदत्त हकको कार्यान्वयन गर्ने,
- महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक सुनिश्चित गर्ने,

- घरेलु श्रममा महिलाको योगदानको गणना गर्ने, घरेलु कामको बोझलाई कम गर्दै महिलाहरूलाई उत्पादनशील र सामाजिक क्षेत्रमा लगाउने,
- महिला उद्यमशीलतामार्फत् स्वरोजगारी बढाउने,
- महिलाको समान ज्याला, कार्यस्थलमा लैङ्गिक हिंसा, घरेलु हिंसा तथा धार्मिक, सांस्कृतिक, प्रथा– परम्परा आदि नाममा हुने सामाजिक भेदभाव र शोषण हटाउन विशेष अभियान सञ्चालन गर्ने,
- सङ्घको सहयोगमा राष्ट्रपति महिला उत्थान कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने,
- पालिकालाई महिला हिंसामुक्त, बालविवाह मुक्त, बोक्सीप्रथा मुक्त र छाउपडी मुक्त घोषणा गर्ने। दाइजो र तिलक प्रथालाई निरुत्साहित गर्ने। घोषणाको प्रभावकारी कार्यान्वयन र सोको अनुगमनका लागि आवश्यक संयन्त्र निर्माण गर्ने,
- एसिड आक्रमणबाट महिलाहरूको रक्षाका लागि प्रशासनसँग प्रभावकारी समन्वय गर्ने, आक्रमणका पीडितहरूलाई उपचार, पुनर्स्थापना र रोजगारीको प्रबन्ध गर्ने,
- यौनजन्य हिंसा, बलात्कार, महिलाद्वेषी संस्कारबाट समाजलाई मुक्त गर्न विशेष अभियान सञ्चालन गर्ने। हिंसाका दोषीहरूमाथि कडा कार्बाही गर्ने।

### ड) खुशी जेष्ठ नागरिक, सुखी बालबालिकाः अपाङ्गमैत्री सबै पालिका

जीवनचक्रमाथि आधारित सामाजिक सुरक्षा कार्यक्रम मार्फत् जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति र असहायहरूको संरक्षण गर्दै सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने।

- बाल्यकालदेखि वृद्धावस्थासम्म संवोधन हुने गरी जीवनचक्रमा आधारित सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने,
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत सङ्कलन र सहयोगको अभियान सञ्चालन गर्ने, उनीहरूका लागि घरमै निशुल्क स्वास्थ्य परीक्षण सेवा उपलव्ध गराउने,
- सार्वजनिक संरचना अपाङ्गता मैत्री बनाउने, अशक्त व्यक्तिका लागि सहज रुपमा आधारभूत सेवा पुऱ्याउने,
- दलितका हक सम्बन्धी संवैधानिक व्यवस्था कार्यान्वयन गर्ने,

- बालश्रमको अन्त्य गर्ने । कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने सुनिश्चित गर्ने । बालबालिकाहरूको सिर्जनात्मक क्षमता विकासका लागि बालक्लब, किशोरकिशोरी क्लब, बाल उद्यानहरूको व्यवस्था गर्ने,
- जोखिममा रहेका, अनाथ, सडकमा आश्रित, मानसिक समस्या, यौनशोषण र हिंसामा परेका बालबालिकाहरूको उद्दार र पुनर्स्थापनका लागि विभिन्न गैरसरकारी संस्था र सामाजिक तथा धार्मिक संस्थासँग सहकार्य गर्ने । पालिकाहरूलाई सडक बालबालिका मुक्त घोषणा गर्ने, बालमैत्री पालिका घोषणा गर्ने,
- हरेक वडामा जेष्ठ नागरिक मिलन केन्द्रको स्थापना गर्ने । उनीहरूको अनुभव र ज्ञान नयाँ पुस्तालाई हस्तान्तरण गर्ने । अशक्त अवस्थामा रहेका जेष्ठ नागरिकहरूलाई घरैमा भत्ता उपलव्ध गराउने,
- सामाजिक सेवाको क्षेत्रमा सङ्लग्न संस्थाको दर्ता, नियमन र अनुगमन गर्ने । मानवीय सहायताका क्षेत्रमा परोपकारी संस्थासँग सहकार्य गर्ने,
- लोपोन्मुख, सीमान्तीकृत, धार्मिक र लैङ्गिक अल्पसङ्ख्यक, जोखिममा रहेका जाति तथा परिवारको संरक्षण र विकासका लागि विशेष कार्यक्रम अगाडि बढाउने,
- जन्मदर्ता अनिवार्य गर्ने । कुनै पनि बालबालिकालाई राज्यविहीनताको अवस्थामा रहन नदिने । विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्ने,
- बालबालिकालाई लागू औषधको कुलतमा सङ्लग्न हुन नदिने ।

### ढ) जलवायु अनुकूलन र विपद् व्यवस्थापन : विकास र वातावरणबीच सन्तुलन

जलवायु परिवर्तनका प्रतिकूल प्रभावबाट समुदायलाई सुरक्षा र पर्यावरणको संरक्षण गर्न विकास र वातावरणबीच सन्तुलन कायम गर्ने, हरित विकासलाई प्रवर्द्धन गर्ने ।

- जलवायु परिवर्तन र विपद् जोखिमका प्रतिकूल प्रभावबाट संरक्षण र अनुकूलनका लागि आवश्यक जनचेतना, क्षमता अभिवृद्धि, पूर्व सूचना र प्रविधि उपलब्ध गराउने काम गर्ने । जलवायु परिवर्तन र विपद् जोखिमबाट प्रभावित र उच्च जोखिममा रहेका समुदाय र वस्तीको संरक्षण गर्ने,

- वृक्षारोपण, वन संरक्षण, सामुदायिक वनको व्यवस्थापन र निजी वनको विकासका कार्यक्रम अगाडि बढाउने । वृक्षारोपणलाई अभियानकै रुपमा सञ्चालन गर्ने । वन सम्पदाको समुचित विकासद्वारा समुदायको आय आर्जन बढाउने,
- जमिनमा पानीको पुनर्भरण र जमिनको जलस्तर बढाउन चुरे क्षेत्रमा तटबन्ध निर्माण, बर्षात्को पानी सङ्कलन, पोखरीहरूको निर्माण र संरक्षण तथा जलाधार क्षेत्रको विकास गर्ने । एकीकृत जलाधार क्षेत्र संरक्षण, बाढी पहिरो नियन्त्रण, जलउत्पन्न जोखिम न्यूनीकरण र जलस्रोतको बहुउपयोग गर्ने। एक वस्ती एक पोखरीको अभियान सञ्चालन गर्ने,
- विकास निर्माणमा हरित प्रविधि र वातावरणमैत्री निर्माण सामग्रीको प्रयोग गर्ने । हरित अर्थतन्त्रको विकासमा लगानीलाई प्रोत्साहन गर्ने,
- विपद् जोखिमको नक्साङ्कनका आधारमा प्राकृतिक विपद्को सामना गर्न पूर्वतयारी गर्ने। आपतकालीन उद्धार, राहत एवं पुनर्निर्माण तथा पुनर्स्थापनाको आवश्यक तयारी गर्ने। यसका लागि बन्दोवस्तीका सामग्री तयारी अवस्थामा राख्ने। एकीकृत र सुरक्षित बस्ती विकास गर्ने। यसका लागि तीनै तहका सरकारबीच प्रभावकारी समन्वय गर्ने,
- विपद्बाट हुने मानवीय तथा भौतिक क्षति रोक्न भूसंरक्षण तथा पहिरो नियन्त्रणसम्बन्धी कार्य, नदी तटबन्धन तथा बाढी नियन्त्रणसम्बन्धी कार्य तर्जुमा गर्ने। भूकम्प प्रतिरोधी भवन निर्माण गर्ने। वन डडेलोबाट हुनसक्ने क्षति रोक्ने प्रतिकारात्मक तथा उपचारात्मक कार्यक्रम तय गर्ने,
- वनक्षेत्रमा हुने मानवीय अतिक्रमण रोक्न प्रदेश र सङ्घसँग सहकार्य गर्ने । वन्यजन्तु एवं चराचुरुङ्गी संरक्षण, मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्ने। सङ्घ तथा प्रदेशको सहकार्यमा चिडियाखाना स्थापना गर्ने,
- सामुदायिक तथा साझेदारी वन उपभोक्ता समितिसँगको सहकार्यमा जडिबुटी एवं वन पैदावर उत्पादन, प्रशोधन तथा बजारीकरण गर्ने, कृषि वनलाई प्रोत्साहन गर्ने,
- खाना पकाउन र घरायशी प्रयोगका लागि किफायती उर्जा उपलब्ध गराउने। घरलाई दाउरा, गुइँठा र धुँवाबाट मुक्त गर्ने,
- समुदायमा आधारित जलवायु अनुकूलन योजना लागू गर्ने, जलवायु कोषबाट प्राप्त हुने सहायता जलवायु जोखिमयुक्त समुदायमा केन्द्रित गर्ने । जलवायु अनुकूलनका लागि समुदायका परम्परागत शीप, ज्ञान र प्रविधिलाई उपयोग गर्ने,

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँगको समन्वय एवं सहकार्यमा, एकीकृत बस्ती विकास, भूमिहीन घर परिवारको पुनर्स्थापना, विपन्न वर्गको आर्थिक– सामाजिक पुनर्स्थापना गर्ने,
- भूकम्पबाट भत्किएका बाँकी निजी आवास तथा सम्पूर्ण स्वास्थ्य संस्था, शिक्षण संस्था, सरकारी एवं सुरक्षा निकायका भवनको पुनर्निर्माण तथा पुनर्स्थापना शीघ्र सम्पन्न गर्ने,
- पुरातात्विक एवं सांस्कृतिक सम्पदाको शीघ्र पुनर्निर्माण र पुनर्स्थापना गर्ने ।

## ण) समुन्नत लोकतन्त्रको आधारः मेलमिलाप, न्याय र मानव अधिकार

मानव अधिकारको सम्मान, सामाजिक न्यायको प्रत्याभूति र सामाजिक सौहार्दता, जातीय सद्भाव र सांस्कृतिक सहचार्यका माध्यमबाट समुन्नत समाज निर्माण गर्ने ।

- जैविक र मानवीय आवश्यकताको न्यायोचित परिपूर्ति गर्ने मानव अधिकार र सामाजिक प्रबन्धको प्रत्याभूति गर्ने,
- सङ्घ तथा प्रदेशसँगको समन्वयमा न्यायिक समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन पूर्वाधार निर्माण, समितिको क्षमता विकास एवं स्थानीय मेलमिलाप र मध्यस्थताको व्यवस्थापन गर्ने,
- न्यायमा जनताको पहुँच सुनिश्चित र छिटो छरितो बनाउने,
- न्यायिक समितिका फैसलाहरूको कार्यान्वयन र सो को अनुगमन गर्ने,
- विपन्न तथा गरिबका लागि निशुल्क कानुनी सेवा उपलव्ध गराउने,
- मानव अधिकारको संरक्षण गर्ने । मानव अधिकार हननको अवस्थाको अनुगमन र कार्वाही गर्ने,
- द्वन्द्वका घाउ मेटाउन, सामाजिक सद्भाव र मेलमिलाप अभिवृद्धि गर्न, सांस्कृतिक र जातीय सहकार्यको विकासका लागि विशेष अभियान सञ्चालन गर्ने,
- गंभीर मानव अधिकार उल्लङ्घनका घटनाका दोषीहरूलाई कानुनको कठघरामा ल्याउन र पीडितहरूलाई न्याय दिलाउन सहजीकरण र समन्वय गर्ने,
- लोकतन्त्र प्राप्तिका लागि आहूति दिने सम्बन्धित पालिकाका व्यक्तिहरूको स्मृतिमा स्मारक र पार्कहरू निर्माण गर्ने,

- सबै खाले सामाजिक–सांस्कृतिक विभेदको अन्त्य गर्ने,
- उपभोक्ता हित संरक्षण गर्ने ।

## त) संरचनागत तथा कानुनी सुधार र प्रभावकारी समन्वय

पाँच वर्षका अनुभवबाट सुशासन, विकास तथा समृद्धिको क्षेत्रमा उजागर भएका समस्या र सीमालाई संवोधन गर्न प्रभावकारी कानुनी, संरचनागत सुधार तथा समन्वय गर्ने ।

- संविधान प्रदत्त साझा सूचीमा रहेका अधिकारहरूको पूर्ण कार्यान्वयनका लागि सङ्घ र प्रदेशबाट बन्न बाँकी कानुनहरूको अविलम्ब निर्माण गर्ने,
- स्थानीय तहमा अझ बढी स्रोतको प्रवाह गर्ने, स्थानीय तहबाट सञ्चालन गरिने पूर्वाधार आयोजनाका लागि सहुलियत ऋण, अनुदान र प्राविधिक सहयोग उपलब्ध गराउन नगर विकास कोष लगानी बोर्ड, पूर्वाधार बैङ्क जस्ता संस्थाहरूसँग समन्वय र आवश्यक पुनर्संरचना गर्ने,
- कर्मचारी समायोजन र व्यवस्थापनमा रहेका कानुनी अन्यौलको समाधान गरी आवश्यक जनशक्तिको व्यवस्था गर्न प्रादेशिक लोकसेवाको स्थापना गर्ने ।
- स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान लगायत निकायहरूको आवश्यक पुनर्संरचना र सुदृढीकरण गर्ने,
- अन्तरप्रदेश समन्वय परिषद्, अन्तरसरकारी वित्त परिषद्, प्राकृतिक स्रोत तथा वित्त आयोग लगायत संरचनालाई थप सक्रिय र प्रभावकारी बनाउने,
- जिल्ला समन्वय समितिको अनुगमनकारी भूमिकालाई थप स्पष्ट र प्रभावकारी बनाउने,
- स्थानीय तहको बेरुजु अध्ययन र फर्स्योट सम्बन्धमा आवश्यक कानुनी संरचनाको प्रबन्ध गर्ने,
- योजना तर्जुमा, सम्बन्धित पालिकाका समृद्धिका आधार तथा स्थानीय संभाव्यताको पहिचान तथा लगानी आकर्षित गर्न पालिकाको क्षमताको विकास गर्ने,

- सहरोन्मुख पालिकाको सुरक्षित र व्यवस्थित सहरीकरण योजना बनाउने, अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउने,
- स्रोत साधन परिचालनमा अन्तर्निकाय समन्वय थप प्रभावकारी बनाउने, विकास निर्माणमा देखिएको दोहोरोपन हटाउने,
- सीमावर्ती क्षेत्रमा पालिका लक्षित सुरक्षा र विकासका लागि सङ्घ तथा प्रदेशसँग प्रभावकारी समन्वय गर्ने,
- पाँच वर्षको अनुभवद्वारा विकसित भएको महिला र दलित नेतृत्वको प्रभावकारी परिचालन गर्ने,
- सम्पन्न हुन बाँकी प्रशासकीय भवन र भौतिक पूर्वाधारको काम सम्पन्न गरी सेवा प्रवाहलाई थप सुदृढ गर्ने ।

### थ) संस्थागत सुदृढीकरणः योजनावद्ध विकास

योजनावद्ध, जनसहभागितामूलक एवं समन्यायिक विकासका लागि सही तथ्याङ्क, उपयुक्त नीति तथा आवश्यक कानुनी प्रबन्ध गर्ने तथा पालिकाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

- समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा र दिगो विकास लक्ष्यलाई मार्गदर्शन मानेर स्थानीय विकासका ठोस मार्गचित्र तयार गर्ने,
- दुई वर्षभित्र एकल अधिकार सूचीभित्र रहेका बाँकी नीति, कानुन, नियमावली तथा कार्यविधि तर्जुमा गर्ने । साझा अधिकार तथा जिम्मेवारीका क्षेत्रमा सङ्घ तथा प्रदेशसँगको सहकार्यमा मौलिक हक लगायत जनसरोकारका कानुन निर्माण गर्ने,
- प्रत्येक पालिका र वडाको प्रोफाइल तयार गर्ने । तथ्याङ्क र अभिलेख अद्यावधिक र डिजिटाइज गर्ने । तथ्याङ्कमाथि आधारित दीर्घकालीन र आवधिक योजना निर्माण गर्ने । सोही योजना एवं भौगोलिक विशेषता, जनसङ्ख्याको चाप, गरिबीको अवस्था र विकासको स्तरका आधारमा बजेट विनियोजन गर्ने । अनुगमन र सेवाप्रवाह समेत तथ्याङ्कमाथि आधारित हुने,
- योजनाहरूको पब्लिक अडिटको व्यवस्था गर्ने । आवश्यकता अनुसार तेस्रो पक्षको सहभागितामा योजनाको मूल्याङ्कन गराइने,
- सार्वजनिक एवं सरकारी सम्पत्तिको अभिलेख सङ्कलन, संरक्षण र व्यवस्थापन, भूसूचना प्रणालीको विकास तथा व्यवस्थापन गर्ने,

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, खरिद, राजस्व परिचालन, प्राकृतिक स्रोत (जमीन, वनजङ्गल, जलस्रोत आदि) को व्यवस्थापन सम्बन्धी आवश्यक कानुन निर्माण गर्ने,
- स्थानीय तहमा विकासका प्रमुख मुद्दामा राजनैतिक सहमति र सहकार्यको खाका र विधि निर्माण गर्ने,
- समयमै बजेट पारित र कार्यान्वयन गर्ने, पालिका सभाका समितिहरूको गठन तथा प्रभावकारी सञ्चालन गर्ने । लेखा प्रणाली, लेखापरीक्षण र लेखा समितिको कार्य सम्पादन अझ चुस्त बनाउने,
- सङ्गठन–व्यवस्थापन सर्वेक्षण र सङ्गठन संरचना तयार पारी जनशक्ति व्यवस्थापन योजना र जनशक्ति परिचालन गर्ने । कर्मचारी व्यवस्थापन र परिभाषित उत्तरदायित्वका माध्यमबाट प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने । स्थानीय तहका कर्मचारीको संस्थागत क्षमता अभिवृद्धि, कर्मचारी वृत्ति विकास, शासकीय प्रभावकारिता अभिवृद्धि गर्ने,
- जिल्ला समन्वय समितिको अनुगमन र समन्वयको भूमिकालाई थप प्रभावकारी बनाउने,
- पालिका कार्यालय तथा वडा कार्यालय भवन निर्माण तथा अन्य पूर्वाधारको विकास आगामी दुई वर्षभित्र सम्पन्न गर्ने । पालिका तथा वडाबाट हुने सेवाप्रवाह चुस्त र पारदर्शी हुने,
- स्थानीय तहबाट प्रदान हुने सेवा प्रवाहलाई सुलभ, सहज र प्रभावकारी बनाउन नागरिक बडापत्र जारी गर्ने । सोको प्रभावकारी कार्यान्वयन एवं अनुगमन गर्ने,
- सुशासनको कसीमा पालिका, वडा कार्यालय र जनप्रतिनिधिलाई खरो उतार्न पारदर्शिता, जनसहभागिता, योजनाबद्ध कार्यप्रणाली, जवाफदेहिता, प्रभावकारी कार्यसम्पादन, सदाचार, उच्च नैतिकतामा जोड दिने,
- नगर प्रहरी परिचालन र शान्ति सुरक्षामा सुधार गर्ने,
- एफएम रेडियो, पत्रपत्रिका, टेलिभिजन एवं सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग मार्फत् जनचेतना, कृषि सेवा, मौसमको पूर्वानुमान, यातायात तथा ट्राफिक सूचना, बजार मूल्य, विपद् तथा महामारी विरुद्ध सचेतना फैलाउने,

- सूचनाको हकको प्रत्याभूति हुनेगरी सूचना अधिकारी र प्रवक्ताको व्यवस्था, सार्वजनिक स्थलमा निशुल्क इन्टरनेटको प्रबन्ध, आफ्नो वेबसाइट निर्माण र अद्यावधिक गर्ने। हुलाक सेवालाई आधुनिक र व्यवस्थित गर्न प्रदेश तथा स्थानीय तहसँग सहकार्य गर्ने,
- हरेक पालिकाहरू निश्चित विषयमा नमूना बन्ने। असल अभ्यास र उदाहरण अन्य पालिकाबाट सिक्ने व्यवस्था मिलाउने, यसका लागि देशभित्रका अन्य पालिका तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत अवलोकन भ्रमणको व्यवस्था गराउने,
- सबल पालिकाहरूले छिमेकी पालिकाहरूलाई सहयोग गर्ने असल दृष्टान्त स्थापित गर्ने।
- निजी क्षेत्र, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग सार्थक र समुचित समन्वय र सहकार्य गर्ने,
- नागरिकमा कर तिर्ने बानीको विकास गर्ने, संविधानले निर्दिष्ट गरेको कर्तव्य पालनाप्रति जागरुक बन्ने, सदाचार र सेवाभाव विकास गर्ने,
- करको पारदर्शिता र अधिकतम सदुपयोग गर्ने, करको दायरामा ध्यान दिने। स्थानीय तहलाई प्राप्त अधिकार अनुरुप स्थानीय कर, सेवा शुल्क तथा दस्तुर परिचालन एवं राजस्व छली नियन्त्रण गर्ने,
- प्रगतिशील कर प्रणालीको मान्यता अनुरुप विपन्न परिवारका हकमा कर छुटको अधिकतम प्रबन्ध गर्ने,
- करदाताको विवरण तथा राजस्व सङ्कलनलाई सूचना प्रविधिमा आधारित गर्ने। राजस्व र स्थानीय स्रोतहरूको अधिकतम परिचालनमार्फत् स्थानीय तहलाई आधारभूत विषयमा आत्मनिर्भर बनाउने।

## ७.

### हाम्रो सङ्कल्प

- हाम्रा जनप्रतिनिधिहरू शासक होइन, जनताका सेवक हुने छन् ।
- हाम्रा जनप्रतिनिधिहरू सामाजिक जागरण र विकासका अभियन्ता हुने छन् ।
- हाम्रो नेतृत्वमा रहेका पालिकाहरू सुशासनमा नमूना बन्ने छन् ।
- हाम्रा जनप्रतिनिधिहरूले सदाचारमा दृष्टान्त स्थापित गर्ने छन् ।
- हाम्रा जनप्रतिनिधिहरूले आफूले कुनै भ्रष्टाचार गर्ने छैनन् र कडाइका साथ भ्रष्टाचार नियन्त्रण गर्ने छन् ।
- हाम्रा जनप्रतिनिधिहरूले भ्रष्टाचारी, व्यभिचारी, अनियमितता र सार्वजनिक सम्पत्तिको दोहन गर्नेहरूलाई कानुनी कार्बाहीको दायरामा पुऱ्याउन अग्रणी भूमिका खेल्ने छन् ।

**आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू ।**

आज मुलुक स्पष्ट रुपमा दुई ध्रुवमा ध्रुवीकृत हुँदै गइरहेको छ । एकातिर नेकपा (एमाले) छ, जसले मुलुकको राष्ट्रिय हित, स्वाभिमान र स्वाधीनताको पक्षपोषण गर्छ, जसले राजनीतिक स्थायित्व, लोकतान्त्रिक पद्धति र जनताको सर्वोच्चताको प्रतिनिधित्व गर्छ र जसको मूल ध्येय विकास निर्माणलाई तीव्र रुपमा अगाडि बढाउनु, समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्नु एवं समाजवादका आधार निर्माण गर्नु रहेको छ । अर्कातिर छ नेपाली काङ्ग्रेसले नेतृत्व गरेको दक्षिणपन्थी गठबन्धन, जो राष्ट्रिय हितप्रति होइन, विदेशीहरूका लागि 'कम्फर्टेबल' बन्न बचनबद्ध छ, जो राजनीतिक अस्थिरता, अराजकता र अदालतसँगको सेटिङमा

वामपन्थी सरकार ढालेर दक्षिणपन्थीहरूलाई सरकारको नेतृत्व सुम्पनु, मुलुककै नेतृत्वदायी शक्तिका रुपमा स्थापित कम्युनिष्ट आन्दोलनलाई विभाजित गरेर त्यसको एउटा हिस्सालाई नेपाली काङ्ग्रेस नेतृत्वको मोर्चाभित्र एउटा मामुली अङ्गका रुपमा विलयन गर्नु र स्थायित्व एवं समृद्धिको अभियानलाई विफल पार्न निर्णायक भूमिका खेल्नुले उनीहरूभित्र निहित दक्षिणपन्थी अवसरवादलाई अभिव्यक्त गरेको छ ।

विश्वास गर्छ, राज्यका महत्वपूर्ण संस्थाहरूमाथि प्रहार गर्छ र जसको एकमात्र ध्येय आफ्नो, आफ्नो गुट र आफ्नो परिवारको स्वार्थपूर्ति गर्नु हो, नेकपा (एमाले) लाई कमजोर पार्नु हो । आज देशको समग्र राजनीति यिनै दुई विचार, शक्ति र कार्यदिशाका वरिपरि केन्द्रित छ ।

कुनै बेला दुई तिहाइ बहुमत हासिल गरेको, दुई–दुई पटक बहुमतको सरकार सञ्चालन गरेको र आफूलाई मुलुकको सबैभन्दा पुरानो लोकतान्त्रिक शक्ति दाबी गर्ने नेपाली काङ्ग्रेस आज वैचारिक स्खलन, राजनीतिक विचलन र पहिचानको सङ्कट झेलिरहेको छ । सत्ता स्वार्थ र नेकपा (एमाले) प्रतिको पूर्वाग्रह, भय र प्रतिशोधको भावनाले यो पार्टी आज जस्तासुकै दल या पक्षहरूसँग पनि साँठगाँठ गर्ने, सत्ता टिकाउनका लागि जस्तासुकै संस्थामाथि पनि प्रहार गर्ने र लोकतान्त्रिक संरचनालाई भताभुङ्ग पार्ने उद्यत् देखिएको छ ।

आफूलाई वामपन्थी भन्ने केही व्यक्ति र समूहको वैचारिक स्खलन र राजनीतिक विचलन उदाङ्गो भएको छ। वामपन्थी सरकार ढालेर दक्षिणपन्थीहरूलाई सरकारको नेतृत्व सुम्पनु, मुलुककै नेतृत्वदायी शक्तिका रुपमा स्थापित कम्युनिष्ट आन्दोलनलाई विभाजित गरेर त्यसको एउटा हिस्सालाई नेपाली काङ्ग्रेस नेतृत्वको मोर्चाभित्र एउटा मामुली अङ्गका रुपमा विलयन गर्नु र स्थायित्व एवं समृद्धिको अभियानलाई विफल पार्न निर्णायक भूमिका खेल्नुले उनीहरूभित्र निहित दक्षिणपन्थी अवसरवादलाई अभिव्यक्त गरेको छ। विचारमा दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक जीवनमा अराजकताको प्रतिनिधित्व गर्ने यी पात्र र समूहहरू अझै पनि दक्षिणपन्थी शक्तिको छहारीमुनि ओत लागेर समाजवादको कुरा गर्दैछन् । योभन्दा हास्यास्पद प्रहसन अरु के हुन सक्छ ?

यी सबै तथ्य र विषयले दक्षिणपन्थी अवसरवादी गठबन्धनबाट मुलुकलाई छिटोभन्दा छिटो मुक्ति दिलाउनु अनिवार्य भएको थप स्पष्ट पारेका छन् । आजको ठिक २१ दिनपछि आउने स्थानीय तह निर्वाचन त्यो अवसर हो, जहाँ यहाँहरूले पुनः एकपल्ट आफ्नो प्रिय

राष्ट्रियताको रक्षा, लोकतन्त्रको स्थापना र सामाजिक–आर्थिक रुपान्तरणका लागि हाम्रो पार्टीले गएका पौने शताब्दीमा गरेका बलिदानी सङ्घर्ष र खेलेको अग्रणी भूमिका यहाँहरू समक्ष स्पष्ट छ । हामी यतिबेला समृद्धि नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा हासिल गर्ने नयाँ अभियानमा छौं । यस अभियानमा सफलताका लागि सदा झैं तपाईंहरूको पूर्ण साथ र समर्थन रहने कुरामा हामी पूर्णरुपले विश्वस्त छौं ।

पार्टी र सुखदुःखको साथी नेकपा (एमाले) को पक्षमा मतदान गरेर राजनीतिलाई सही दिशामा अग्रसर गराउन निर्णायक भूमिका खेल्न सक्नु हुनेछ।

संयोगवस, स्थानीय तहको निर्वाचनको यो घोषणापत्र सार्वजनिक गर्ने दिन आज वैशाख ९ गते नेपाल कम्युनिष्ट पार्टीको ७४ औं स्थापनाको दिवस हो। राष्ट्रियताको रक्षा, लोकतन्त्रको स्थापना र सामाजिक–आर्थिक रुपान्तरणका लागि हाम्रो पार्टीले गएका पौने शताब्दीमा गरेका बलिदानी सङ्घर्ष र खेलेको अग्रणी भूमिका यहाँहरू समक्ष स्पष्ट छ। हामी यतिबेला समृद्धि नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा हासिल गर्ने नयाँ अभियानमा छौं। यस अभियानमा सफलताका लागि सदा झैं तपाईंहरूको पूर्ण साथ र समर्थन रहने कुरामा हामी पूर्णरुपले विश्वस्त छौं।

यस अवसरको अधिकतम सदुपयोग गर्दै नेकपा (एमाले) का सूर्य ध्वजाबाहक उम्मेदवारहरूलाई विजयी बनाउन हामी हार्दिक आह्वान गर्दछौं।

९ वैशाख २०७९

**सूर्य चिन्हमा मतदान गरौँ**
**नेकपा (एमाले) का उम्मेद्‌वारहरूलाई**
**विजयी बनाऔँ।**

## हाम्रो सङ्‌कल्प

- हाम्रा जनप्रतिनिधिहरू शासक होइन, जनताका सेवक हुने छन्।
- हाम्रा जनप्रतिनिधिहरू सामाजिक जागरण र विकासका अभियन्ता हुने छन्।
- हाम्रो नेतृत्वमा रहेका पालिकाहरू सुशासनमा नमूना बन्ने छन्।
- हाम्रा जनप्रतिनिधिहरूले सदाचारमा दृष्टान्त स्थापित गर्ने छन्।
- हाम्रा जनप्रतिनिधिहरूले आफूले कुनै भ्रष्टाचार गर्ने छैनन् र कडाइका साथ भ्रष्टाचार नियन्त्रण गर्ने छन्।
- हाम्रा जनप्रतिनिधिहरूले भ्रष्टाचारी, व्यभिचारी, अनियमितता र सार्वजनिक सम्पत्तिको दोहन गर्नेहरूलाई कानुनी कार्बाहीको दायरामा पुर्‍याउन अग्रणी भूमिका खेल्ने छन्।